महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## गोलबजार नगरपालिका, सिराहा

## ८०२१६४०३३००

## गोलबजार नगरपालिका , सिराहा

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-९-७

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,

गोलबजार नगरपालिका, सिराहा ,

गोलबजार नगरपालिका , सिराहा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका ब्यहोराहरू समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

विष्णु प्रसाद खनाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।,

info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,

सिराहा ।, siraha.dtco@fcgo.gov.np

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, लहान,

सिरहा ।, pralenika02@gmail.com

# परिचय

१ **परिचय** -

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वटा वडा रहेको छ भने क्षेत्रफल १११.९४ वर्ग किलोमिटर तथा ६५२६३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।१२ देखि २०८१।०८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ... असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |

२ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको विश्लेषण**

. **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २२,४१,२०,३२६.४१, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फ रु. २२,५०,०००, राष्ट्रपति महितल सशक्तिकरण परियोजनमा रु. १३,००,०००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रु ७७,७९,००० समेत गरी रु. २३,५४,४९,३२६.४१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १०,०७,४४,२७६.९८ , यस वर्षको प्राप्ति रु. ६९,६२,६०,८०५.४३, यस वर्षको भुक्तानी रु. ७३,५९,३५,१५३.८२ र बैङ्क मौज्दात रु. ६,०७,५०,०९६.७२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | १०,०७,४४,२७६.९८ | ६९,६२,६०,८०५.४३ | ७३,५९,३५,१५३.८२ | ६,०७,५०,०९६.७२ |
| एकीकृत आर्थिक विवरणअनुसार | | | | |
| फरक | | | | |

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक जिम्मेवारी ;** पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ९,९३,२७,९९९.४७ मौज्दात रहेकोमा यो वर्ष रु. १०,०७,४४,२७६.९८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १४,१६,२७७.५१ बढी जिम्मेवारी सारेको छ ।

सैद्धान्तिक बेरुजु

३.४ **बैङ्क हिसाब विवरण ;** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ७६०७५०५१.४४ | ११८०८९३७.५७ | -64266113.87 |
| चालु खर्च खाता | ११९२९३२४.७६ | १२४४२९३.७८ | -10685030.98 |
| पुँजीगत खर्च खाता | ३५६४७४ | ३०८०२८.४७ | -48445.53 |
| विविध खर्च खाता | ६८५२०३.१३ | ५४४८५५१.१३ | 4763348.00 |
| धरौटी | १२३४९००८.४२ | 0 | -12349008.42 |
| ग१.१, आन्तरिक राजस्व खाता | ४८३०८१२३.४२ | २२२७९९१३.६८ | -26028209.74 |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ३६८४९७६४.१ | ५४९३७३८९.३ | 18087625.19 |
| ग १२ आन्तरिक अनुदान | ९९१९०००. | २४७७७६६६. | -14858666 |
| जम्मा | १९६४७१९४९.२७ | १२०८०४७८० | -75667169.35 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ **कर दायित्व :** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ३,४३,१७३।- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,४३,१७३ |
|---|---|

४ **अबण्डा बजेट:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ५८ लाख अबण्डा बजेट व्यवस्था गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **न्यायीक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५६ र यो बर्ष थप भएको ५० गरी कुल १०६ विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भइ ९० वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्यलाई मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढगंबाट सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेबाट यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन ।

• निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नापी गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म. ले. प. फा. नं. ५०६ र ५०७ बमोजिमको ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिव र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाहरुको आयोजना बैंक खडा गरेको देखिएन ।

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६ को उपदफा ४(ख) मा नगर उप-प्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय योजनाको अनुगमन प्रतिवेदन पेश गरेको पाईएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक आय:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४७,०६,२५,६५९.७४ | ७,४७,७३,३१४।६४ | १५.८९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १५.८९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **पेश्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने उल्लेख छ साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २११ अनुसार गत वर्षसम्मको पेश्की रु १६९२०००० बाँकी देखिएको छ भने यस वर्ष म्याद ननाघेको रु १३२७७५०।०० तथा म्याद नाघेको पेश्की रु ४१६५०१०।०० समेत कुल पेश्की रु २२४१२७६०।०० बाँकी देखिएको छ ।गत विगत वर्षदेखिको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यो वर्ष दिएको म्याद नाघेको पेश्की रु. ४१६५०१०।०० नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु...........

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ४१,६५,०१० |

९ **धरौटी:-**

९.१ **गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन हुँदैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुंदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **नाम नामेसी नखुलेको धरौटी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको कारोबारको लेखा तोकिएको ढाँचामा गोश्वारा खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी खातामा गत विगत वर्षको बैंक स्टेटमेन्ट अनुसार मौज्दात रहेको रु. १,३२,९२,५४३.४५ जिम्मेवारी सार्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्नेमा आंशिक व्यक्ति तथा फर्मको नामनामेसी अल्या गरेको देखिएता पनि नामनामेसी नखुलेको रकम रु. ५०,९६,९६६.४१ एकमुष्ट गोलबजार नगरपालिकाको नाममा जिम्मेवारी सारेको देखिन्छ । धरौटी अल्या गर्दा नामनमेसी नखुलाई अल्या गरेको धरौटीको सम्वन्धमा यकिन गरी प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिमको प्रक्रिया पुरा गरी धरौटी रकम सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९.३ **मू.अ. कर समायोजन पेश गर्नुपर्ने:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि मात्र रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको निर्माण व्यवसायी र सप्लायर्सको धरौटी रकम फिर्ता गर्दा भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गौ. भो . नं ./ मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| १६।२०८०।०९।।२२ | श्री धमिनीमाई सप्लार्यसको | ३६११७५ |
| १७।२०८०।०९।२२ | गुन्जा कन्स्ट्रक्सन | १८२९६८ |
| ३२।२०८१।१।२५ | पि के एम निर्माण सेवा प्रालि | ४०८८५ |
| जम्मा | | ५८५०२८ |

| प्रमाण पेश नगरेको | ५,८५,०२८ |
|---|---|

१० **सोझै खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार रु. १० लाख भन्दा बढिको खरिद कार्य सिलबन्दी दरभाउपत्र र रु. २० लाख भन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले राजस्व बाडँफाट एवं आन्तरिक श्रोतबाट खर्च संकेत नं. २२३११ मसलन्द तथा कार्यालय सामग्रीमा १३ वटा कार्यालयको लागि विनियोजित बजेट रु १८ लाख ५५ हजार गत वर्षको भुक्तानी तथा नगरपालिकाको कार्यालय तर्फको रु ६४ लाख ५१ हजार समेत रु ८३ लाख ८६ हजार बजेट व्यवस्था गरि पटक पटक आवश्यकताको आधारमा वडा कार्यालयतर्फ रु १४ लाख ८५ हजार पालिका तथा गतको भुक्तानी समेतमा रु ६३ लाख २४ हजार समेत रु ६३ लाख २४ हजार समेत सोझै रु. ७८ लाख ९ हजार मसलन्द तथा कार्यालय सामग्री खरिदमा खर्च गरेको देखियो । कार्यालयमा बजेट यकिन भै सकेको अवस्थामा सार्वजनिक खरिद ऐन, नियमको परिपालना गर्दै बोलपत्रको माध्यमबाट प्रतिस्पर्धी एवं मितव्यायी ढगंले सामान खरिद गरेको देखिएन । तसर्थ पालिकाले वडा कार्यालयमा विनियोजित भएको बजेट र पालिकास्तरमा विनियोजित बजेट समेतलाई एकमुष्ट प्याकेजिङ गरी प्रतिस्पर्धी एवं मितव्यायी ढगंले सामान खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **प्रतिस्पर्धा सिमित** -

प्रतिस्पर्धा सिमितः सार्वजनिक खरिदको सन्दर्भमा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्सनिय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लागु छ । सार्वजनिक खरिद ऐन तथा अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले विभिन्न सडक, मोटर बोर्डिङ्ग जडान, मालसामान खरिद लगायतका कार्यको लागि लागत अनुमान रु १६१४११९३।०० भएको कार्यको लागि मात्र ३.१९ प्रतिशत घटीमा खरिद गरी रु १५६२६९५१।०० रकम बराबरको विभिन्न खरिद कार्य रु १० लाख भित्रको लागत अनुमान गरी विभिन्न ३ वटा फर्मबाट कोटेशन लिइ कार्य गराएको छ। यसरी लिएको कोटेशनमा लागत अनुमानकै हाराहरीमा सम्झौता गरी कार्य गराएको छ । यसरी एउटै प्रकृतिको र एउटै वडाको कामलाइ एउटा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी खरिद भएको छ । सिमित प्रतिस्पर्धावाट भएको कार्य मितव्ययी देखिएन । पालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । सिमित प्रतिस्पर्धात्मक तवरले विभिन्न वडामा भएको खरिद कार्यको केही उदाहरण निम्नानुसार छन् ।

१२ **दररेट विश्लेषण -**

सासार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा तयार पार्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका योजना उपभोक्ता समिति मार्फत निर्माण कार्यको लागि तयार पारेको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन बमोजिम सडक निर्माण कार्यमा प्रयोग हुने यान्त्रिक उपकरणको भाडादर बमोजिम जेनेरेटरको भाडादर प्रति घण्टा रु १८४।०० हुनुपर्नेमा रु २७४६।९९ राखी देहाय बमोजिम पि सि सि(M15 1:2:4) कार्यको दररेट रु १०३९९।७८ ले भुक्तानी गर्नुपर्नेमा रु ११४२४।९८ ले भुक्तानी गर्दा प्रति घनमिटर रु १०२५।२० ले बढी दरले भुक्तानी भएकोले देहाय बमोजिम रु. १२०९७७१।५० बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु......................

**हुनुपर्ने दररेटः**

| P. C. C. Work(1:2:4)M15 | Qty. | Unit | Rate | Amount |
|---|---|---|---|---|
| skilled | 3 | nos | 1,200.00 | 3,600.00 |
| Unskilled | 30 | nos | 750.00 | 22,500.00 |
| Cement | 4.13 | tonne | 20,675.00 | 85,387.75 |
| Sand | 6.75 | cum | 1,500.00 | 10,125.00 |
| 40mm Aggregrate | 8.1 | cum | 2,200.00 | 17,820.00 |
| 20mm Aggregrate | 4.05 | cum | 2,200.00 | 8,910.00 |
| 10mm Aggregrate | 1.35 | cum | 2,200.00 | 2,970.00 |
| Concrete Mixer | 6 | hr | 596.67 | 3,580.02 |
| Generator | 6 | hr | 184.00 | 1,104.00 |
| Total for 15 cum | | | | 155,996.77 |
| P. C. C. Work(1:2:4)M15 | | | | 10,399.78 |

| भौचर नि। मिति | योजना | काम | कामको परिमाण (घनमिटर) | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| 111। २०८०। 11।22 | आर सी सी सडक ढलान साविक ९ सिला सदाको घर देखि पश्चिम देव नारायण सदाको घर सम्म | P.C.C.M15(1:2:4) | 86.7 | 10,399.78 | 11,424.98 | 1,025.20 | 88,884.44 |
| 1३०। २०८०। 12।११ | आर.सी.सी. सडक ढलान शिव दत्तको घरदेखी अमृत सदाको घरसम्म | P.C.C.M15(1:2:4) | 23.72 | 10,399.78 | 11,424.98 | 1,025.20 | 24,317.63 |
| १३३। २०८०। १२।११ | आर सि सि सडक ढलान तथा नाला निर्माण कान्तिपुर टोलमा गो न पा ११ | P.C.C.M15(1:2:4) | 86.93 | 10,399.78 | 11,424.98 | 1,025.20 | 89,120.23 |
| १४१। २०८०। १२।१५ | आर सि सि सडक ढलान विन्दा महतोको घरदेखि पानो घरसम्म | P.C.C.M15(1:2:4) | 34.51 | 10,399.78 | 11,424.98 | 1,025.20 | 35,379.49 |
| १४२। २०८०। १२।१५ | आर सि सि सडक ढलान पशुपति यादवको घरदेखि दक्षिण गो न पा | P.C.C.M15(1:2:4) | 24.55 | 10,399.78 | 11,424.98 | 1,025.20 | 25,168.55 |
| १६५। २०८१। ०१।१५ | आर सि सि ढलान तेतरिया | P.C.C.M15(1:2:4) | 36.79 | 10,399.78 | 11,424.98 | 1,025.20 | 37,716.94 |
| १६७। २०८१। ०१।१६ | आर सि सि सडक ढलान रामजानकी मन्दिरदेखि पश्चिम जाने बाटोमा गो न पा ११ | P.C.C.M15(1:2:4) | 51.17 | 10,399.78 | 11,424.98 | 1,025.20 | 52,459.25 |
| १९८। २०८१। ०१।२६ | आर सि सि ढलान मुसहर्निया विश्वकर्मा टोल | P.C.C.M15(1:2:4) | 30.09 | 10,399.78 | 11,424.98 | 1,025.20 | 30,848.13 |
| २०३। २०८१। ०२।०२ | आर सि सि सडक ढलान रामदेव यादवको घरदेखि उत्तर | P.C.C.M15(1:2:4) | 34.4 | 10,399.78 | 11,424.98 | 1,025.20 | 35,266.72 |
| २१४। २०८१। ०२।१४ | श्रीदेव साहको घरदेखि पश्चिम महतोटोल टोडके 2, आर.सि.सि. ढलान | P.C.C.M15(1:2:4) | 59.2 | 10,399.78 | 11,424.98 | 1,025.20 | 60,691.56 |
| २१9। २०८१। ०२।१8 | आर.सी.सी. ढलान महाविर दासको घरदेखी मनोज महतोको घर सम्म गो न पा १२ | P.C.C.M15(1:2:4) | 66.93 | 10,399.78 | 11,424.98 | 1,025.20 | 68,616.32 |
| २३५। २०८१। ०२।२५ | अधुरो आर सि सि सडक ढलान रामनरेशको पोखरी पूर्व डिल र उत्तर डिल गो न पा ५ | P.C.C.M15(1:2:4) | 61.02 | 10,399.78 | 11,424.98 | 1,025.20 | 62,557.42 |
| २६८। | गुरुधाममा आर.सि.सि.ढलान कार्य | P.C.C.M15(1:2:4) | 151.28 | 10,399.78 | 11,424.98 | 1,025.20 | 155,091.55 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०८१। ०३।११ | उ.स.गो.न.पा.-२ | | | | | | |
| ३१२। २०८१। ०३।२३ | वडा नं. ५ हवेली टोलमा बिष्णु बस्नेतको घर देखि दोरिक साहको पसल सम्म आर सि सि ढलान कार्य उ.स.गो.न.पा.-५ | P.C.C.M15(1:2:4) | 264.96 | 10,399.78 | 11,424.98 | 1,025.20 | 271,635.76 |
| ३४०। २०८१। ०३।२४ | खानेपानी टंकी देखी कुशे महतोको घर सम्म आर सि सि ढलान वडा नं. ७ ( | P.C.C.M15(1:2:4) | 167.79 | 10,399.78 | 11,424.98 | 1,025.20 | 172,017.52 |
| | | | जम्मा | | | | 1,209,771.50 |

| असुल गर्नुपर्ने | १२,०९,७७१.५ |
|---|---|

१३ **निर्माण व्यवसायी मार्फत काम गराएको -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट गराउन नपाउने व्यवस्था छ । पालिका श्रेस्ता नमूनाको आधारमा परीक्षण गर्दा देहायका उपभोक्ता समितिले गर्नुपर्ने कार्यको लागि निर्माण व्यवसायीबाट गराएको बिल विजक पेश गरी रु २५३०५२५।०० भुक्तानी गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो भौ नं मिति | योजना | लागत अनुमान | निर्माण व्यवसायीको बिल | उपभोक्ता समितिलाई भुक्तानी रकम | निर्माण व्यवसायी |
|---|---|---|---|---|---|
| १२६।२०८०। १२।०७ | जमदहको पिच मर्मत सम्भार कार्य (सडक कालोपत्रे) | 1,624,350.00 | 1,175,200.00 | 1,024,338.00 | कृष्णा कन्स्ट्रक्सन ६०८७५४०७१ |
| ९३।२०८०। ११।११ | सडक निर्माण जम्दह वडा नं ३ | 1,717,781.00 | 1,062,200.00 | 888,269.00 | गुन्जा कन्स्ट्रक्सन ६०८४३९२१९ |
| १००।२०८०। ११।१३ | सडक निर्माण जम्दह वडा नं ३ | 1,080,232.00 | 361,600.00 | 617,918.00 | गुन्जा कन्स्ट्रक्सन ६०८४३९२१९ |
| | | जम्मा | | 2,530,525.00 | |

| सैद्धान्तिक बेरुजु |
|---|

१४ **प्रदेश सरकार विशेष अनुदान** - (०४-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न वडाहरुमा लागत अनुमान रु. ३२५३६८२।६५(जनश्रमदान समेत) भएको खानेपानी तथा सिंचाई बोर्डिङ्ग जडान कार्यको रु. ३२३३४१०।६५ को कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा सो बमोजिम समग्रमा उक्त कार्यको लागि आपूर्तिजन्य मालसामान रु.३०२६१९७।०० (सम्पन्न कार्यको ९३.६०%) मूल्यको मालसामान दुईवटा आपूर्तिकर्ताबाट खरिद गरेको तथा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य उपभोक्ता समितिबाट गराई रु. २८८८०८६।००(जनश्रमदान घटाई) भुक्तानी गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, नियम बमोजिम बोलपत्रद्धारा प्रतिस्पर्धी दरमा खरिद सम्झौता गरी कार्य गराउनुपर्नेमा ९३.६०% कार्यभार समान खरिद भएको कार्य उपभोक्ता समितिबाट गराएको देखियो । स्थानीय स्तरमा रोजगारी सिर्जना हुने, स्थानीय श्रम र सीपको प्रयोग हुने कार्य, निर्माण, मर्मत पश्चात स्वामित्व लाभग्राही/उपभोक्ता समितिमा हस्तान्तरण हुने र निर्माण पश्चातको मर्मत

संभारको जिम्मा सोही समितिलाई हुने कार्य उपभोक्ता समितिबाट गराउन सकिने भएतापनि सामान खरिदको कार्यभार (Work weightage) बढि भएको कार्य समेत उपभोक्ता समितिबाट गराएकोले यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने र यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१५.१ पालिकाले निम्नानुसार विभिन्न फर्महरुलाई रु.२३५२२८५।०० परामर्शसेवा वापत भुक्तानी गरेको छ । यस्ता प्रकृतिका खर्चमा पालिकाले आवश्यकता, मितव्ययिता, पालिकाकै जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । निर्माण भएको प्रतिवेदनको कार्यान्वियन गर्ने तर्फ पालिकाले पहल गर्नुपर्दछ ।

| गो भौ नं | संस्थाको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ६६।२०८०।६।२१ | डिजाइन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | भुमी आयोगको लागि अनुसूची प्रविष्टी | २३३९०० |
| ८२।२०८०।६।२३ | पिरामिड इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा लि | नगरपालिकाका सम्पूर्ण वडाहरुको भू उपयोग क्षेत्र वर्गिकरण गर्ने कार्य | १६३८५०० |
| १०९।२०८०।६।२६ | राजस्व सुधार कार्ययोजना प्रतिवेदन | इन्भाइरोमेन्टल कन्भरसेसन एण्ड सस्टेनेबल डेभलपमेन्ट प्रा लि लाई भुक्तानी | ४७९८८५ |
| | | जम्मा | २३५२२८५ |

सैद्धान्तिक बेरुजु

१५.२ **सोधभर्ना प्राप्त गर्नुपर्ने** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं १०९।६।२६ बाट गत वर्षको भुक्तानी अन्तर्गत राजस्व सुधार कार्ययोजना प्रतिवेदन तयारी वापत इन्भाइरोमेन्टल कन्भरसेसन एण्ड सस्टेनेबल डेभलपमेन्ट प्रा लि लाई रु.४७९८८५।०० भुक्तानी गरेको छ । उक्त कार्यको लागि पालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र बीच सम्झौता भई प्रशिक्षण केन्द्रले अधिकतम रु.३७४०००।०० र बाँकी नपुग रकम अधिकतम २० प्रतिशत नगरपालिकाले व्यहोर्ने गरी पालिका र इन्भाइरोमेन्टल कन्भरसेसन एण्ड सस्टेनेबल डेभलपमेन्ट प्रा लि बीच सम्झौता भएकोमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सम्झौता अनुसारको रकम उपलब्ध नगराएको कारण पुरै रकम पालिकाले आफ्नो आन्तरिक श्रोतबाट ब्यहोरेको पाइयो । सम्झौता अनुसार प्रदेश अनुसन्धान तथा प्रशिक्षकण केन्द्रबाट नगरपालिका आन्तरिक श्रोतमा सोधभर्ना प्राप्त गर्नुपर्ने रु.......

| प्रमाण पेश नगरेको | ३,७४,००० |
|---|---|

१५.३ **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एकलाख रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ नं ८२।२०८०।६।२३ बाट पिरामिड इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा लि लाई नगरपालिकाका सम्पूर्ण वडाहरुको भू उपयोग क्षेत्र वर्गिकरण गर्ने कार्यको लागि रु.१६३८५००।०० भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा उक्त कार्यको लागत अनुमान पेश नभएकोले दर निर्धारण तथा भुक्तानीको यथार्थताका सम्बन्धमा स्पष्ट हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

१६ **वडा संचालन खर्च**

नगरपालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.४२०५९९१।०० खर्च लेखेको छ । तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन । यस्तो अवस्थामा नगरपालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेको छ । उक्त प्रणाली लागु भएपछि जिन्सी अभिलेख म्यानुअल (रजिष्टरमा) राख्न मिल्दैन । पालिकाले वडा सञ्चालन खर्चको लागि वडा कार्यालयहरुबाट खरिद गरिएका सामानहरु अझै पनि म्यानुअल नै दाखिला गरेको देखियो । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण रुपमा कार्यान्वयन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **मसलन्द तथा कार्यालय सामाग्री**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । पालिकाले नगरपालिका चालु खर्चबाट रु.७८९०१९९।०० को मसलन्द तथा कार्यालय सामान खरिद कार्य रु १० लाख भित्रको सीमामा पर्नेगरी विभिन्न ३ वटा फर्मबाट कोटेशन लिइ खरिद गरेको छ। यसरी एउटै प्रकृतिको खरिद कार्यलाई एउटा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी टुक्रा टुक्रा गरी खरिद भएको छ । सिमित प्रतिस्पर्धावाट भएको कार्य मितव्ययी देखिएन । पालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । सिमित प्रतिस्पर्धात्मक तवरले विभिन्न वस्तु तथा सेवा खरिद भएको कार्यको केही उदाहरण निम्नानुसार उल्लेख गरिएको छ ।

| गो भौ नं | आपूर्तक | रकम |
|---|---|---|
| १३२।२०८०।६।२९ | लोकेश पुस्तक स्टेशनरी पसल | ६८७५६५ |
| १३४।२०८०।६।२९ | लोकेश पुस्तक स्टेशनरी पसल | ९२४०० |
| २०१।२०८०।८।२४ | लोकेश पुस्तक स्टेशनरी पसल | ९७९८६८ |
| २५४।२०८०।८।२९ | लोकेश पुस्तक स्टेशनरी पसल | ९०८५२ |
| ३४२।२०८०।१०।०८ | लोकेश पुस्तक स्टेशनरी पसल | ७०५११ |
| ४८२।११।२०८०।२१ | लोकेश पुस्तक स्टेशनरी पसल | ९४८६३ |
| ५०५।२०८०।१२।१० | लोकेश पुस्तक स्टेशनरी पसल | ९५६६७ |
| ५७१।२०८१।१।२३ | लोकेश पुस्तक स्टेशनरी पसल | ८७४१६ |
| ६९५।२०८१।३।५ | लोकेश पुस्तक स्टेशनरी पसल | ७४५८० |
| ३४२।२०८०।१०।०८ | लोकेश पुस्तक स्टेशनरी पसल | ७०५११ |
| जम्मा | | २३४४१०३ |
| ३४३।२०८०।१०।८ | यदुवंशी स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | ९९१४५४ |
| ३६८।२०८०।१०।१५ | यदुवंशी स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | ४९७८३२ |
| २७५।२०८०।८।२९ | यदुवंशी स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स | ९७४५० |
| ९९।२०८०।६।२५ | आर आर स्टेशनरी एण्ड ट्रेडर्स | २३९०१७ |
| ४६४।२०८०।११।१६ | आर आर स्टेशनरी एण्ड ट्रेडर्स | ९९५२८१ |

माथिको उदाहरण अनुसार एउटै आपूर्तकसँग विभिन्न समयमा गरी रु.२३४४१०३।०० सम्मको मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गरी मितव्ययी तरिकाले खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **वडा अध्यक्ष कप फुटबल कार्यक्रम**

वडा नं २ मा वडा अध्यक्ष कप फुटबल प्रतियोगिता संचालन गर्नको लागि राम किशोर पण्डितलाई रु.२०००००।०० उपलब्ध गराइएकोमा निजले कार्यक्रम सम्पन्न गरी पेश गरेको खर्च रकम रु.५९६६००।०० मा पेश्की रु.२०००००।०० र कट्टी भएको कर रु.३५९३०।०० घटाई गो भौ नं ६४०।२०८१।२।१६ बाट पेश्की फछ्र्योट गरी रु.३६०६७७।०० सोधभर्ना भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१८.१ सम्लग्न कागजात अनुसार १ देखि १३ वटै वडाहरुले उक्त खेलमा खेलाडी सहभागी गराउने प्रस्तावनामा उल्लेख भए पनि वडाहरुले खेलाडी छनौट तथा सिफारिष गरेको कागजात सम्लग्न गरेको नदेखिएकोले प्रस्तावनामा उल्लेख भए अनुसार खेलाडीको सहभागिता भए/नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

१८.२ उक्त फुटबल प्रतियोगिताको लागि वडा सचिव राम किशोर पण्डितले रु.४५९०००।०० को बजेट प्रस्तावना गरेको जसमध्ये रु.३९०००।०० अर्थात कूल खर्चको ८.५० प्रतिशत अन्य प्रायोजकहरुले व्यहोर्ने उल्लेख भएकोमा प्रस्तावनामा उल्लेख भएको भन्दा १३७६००।०० बढी भुक्तानी हुनुका साथै अन्य प्रायोजकहरुले व्यहोर्ने भनी उल्लेख भएको रकम समेत पालिकाले नै व्यहोरेको छ । प्रस्तावनामा उल्लेख भएको भन्दा बढी खर्च भएको रकम अनियमित भएको रु.........

| | |
|---|---|
| अनियमित भएको | १,३७,६०० |

१९ **क्रिकेट प्रतियोगिता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ५४७।२०८०।१२।३० बाट चोहर्वा क्रिकेट टिम र गोल बजार नगरपालिकाको संयुक्त आयोजनामा दोस्रो जिल्लास्तरीय क्रिकेट प्रतियोगिता संचालन भएको भनी सरोज कुमार रायलाई रु.३५००००।०० भुक्तानी भएको छ । यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छ :

१९.१ चोहर्बा क्रिकेट टिम र गोल बजार नगरपालिकाको संयुक्त आयोजनामा क्रिकेट प्रतियोगिता भएको भनिएकोमा चोहर्बा क्रिकेट टिमको आधिकारिता प्रस्ट्याउने लेटर प्याड, छाप तथा उक्त क्लबको दर्ता सम्बन्धी कागाजत पेश भएको छैन ।

सैद्धान्तिक बेरुजु

१९.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा भएको व्यवस्था अनुसार कार्यक्रमको लागि लाग्ने खर्चको लागत अनुमान तयार तथा स्वीकृत भएको छैन भने उक्त कार्यक्रमको प्रस्तावना तथा नगर पालिका र चोहर्बा क्रिकेट टिमबीच सम्झौता समेत भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

१९.३ उक्त प्रतियोगितामा कति टिम सहभागी भएका हुन् सो खुल्ने कागजात समेत सम्लग्न देखिएन । सम्लग्न मधेश टाइम्सको अनलाइन न्यूज अनुसार उक्त क्रिकेट प्रतियोगितामा आयोजक चोहर्बा क्रिकेट टिम र बुमबुम स्टार क्लबले भाग लिएको भन्ने उल्लेख भए पनि सहभागी टिमका सम्बन्धमा श्रेस्तासाथ कुनै कागजात सम्लग्न रहेको छैन । कार्यक्रम संचालन गर्न आवस्यक लागत अनुमान, प्रस्तावना, सम्झौता जस्ता कागजात बेगर भुक्तानी गरेको अनियमित भएको रु...

| अनियमित भएको | ३,५०,००० |
|---|---|

२० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा १३ वडा कार्यालय र पालिकास्तरमा खर्च लेखेको छ । जसमध्ये खाना, खाजा, होटलवास आदिका लागि विभिन्न होटललाई बजार व्यवस्थापनमा भएको खाजा खर्च वापत भनी रु.९८९२३०।०० समेत गरी भुक्तानी गरेको छ । उक्त खर्चमध्ये एलिसा फुड कोट एण्ड फेमेली लजलाई मात्र रु.७३१७३३६।०० भुक्तानी गरेको छ । यसरी लेखेको खर्चमध्ये कतिपयमा कार्यालयको मागअनुसार खाना खाजा उपलब्ध गराएको भन्ने बिल मात्र संलग्न राखी खर्च लेखेको देखिन्छ । स्पष्ट प्रयोजन नखुलाई कार्यालयको माग अनुसार खाना खाजा भनि खर्च लेख्दा बजेट दुरुपयोग हुन सक्ने देखिन्छ । नगरपालिकाको उपभोग्य खर्च मितव्यायी ढङ्गले गर्नुपर्नेमा र पूंजिगत खर्च नतिजा प्राप्त हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाबाट खाना, खाजा जस्ता कार्यमा मात्र रु.८५९७६६४।०० खर्च भएको देखिनुले विविध खर्चमा मितव्ययिता अपनाएको देखिदैन । विविध खर्चलाई मितव्ययी बनाउँदै अनावश्यक खर्चलाई कटौती गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२१ **ईन्धन खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष रु.८७५२३५६।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार मोटरसाइकल २९ थान, स्कार्पियो गाडी १ थान, टाटाको डबल कप गाडी १ थान, ट्र्याक्टर ३प थान, ट्रिपर १ थान, ग्रेडर १ थान, जे सि बी १ थान, रोलर १ थान र दमकल १ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्न तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.१३८२१२६।००  भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्था अनुरुप भ्रमण अभिलेख खाता राखेको छैन भने कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतवेदन पेश गरेका छैनन् । नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण खर्च लेख्नेतर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **खर्च पुष्टयाईको प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले यस दफासँग सम्बन्धित अनुसूचिमा देखाए अनुसार खर्च लेखेकोमा उल्लेखित प्रमाण कागजात पेश भएको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसारको बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले खर्च पुष्ट्याईको प्रमाण पेश हुनुपर्ने रु...

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | १५,७१,८४८ |
|---|---|

२४ **मेयर गोल्डकप फुटबल प्रतियोगिता**

पालिकाले गो भौ नं ५८६।२०८१।१।२६ बाट गोलबजार मेयरकप फुलबल प्रतियोगिताको लागि सुवोध कुमार लामाले लिएको पेश्की रु.१५०००००।०० फछ्र्यौट गरेको छ । उक्त कार्यक्रमको खर्च रकम रु.२२३३४०९।०० मा पेश्की रु.१५०००००।०० र कट्टी भएको कर रु.२३३४०९।०० घटाई हुने रु.५०००००।०० सोधभर्ना भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;

२४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । उक्त कार्यक्रममा पारस कार्किलाई भुक्तानी भएको रु.३०००।०० को भरपाई सम्लग्न नभएकोले उक्त रकम पेश्की लिनेबाट असुल गरी दाखिला गर्नुपर्ने रु.....

| असुल गर्नुपर्ने | ३,००० |
|---|---|

२४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । सो खेलकुद कार्यक्रममा निम्नानुसार व्यक्तिहरुलाई हस्तलिखित भरपाइ गरी रु.५५०००।०० बुझाएको देखिएकोमा निजहरुलाई के वापत भुक्तानी भएको हो सो खुलाएको छैन । प्रयोजन नखुलाई भुक्तानी भएको उक्त खर्चलाई पुष्टी गर्नुपर्ने रु..........

| भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|
| गणेश साह | के वापत भुक्तानी भएको हो सो खुलाएको छैन । | ५२००० |
| यमि | के वापत भुक्तानी भएको हो सो खुलाएको छैन । | ३००० |
| | जम्मा | ५५००० |

| प्रमाण पेश नगरेको | ५५,००० |
|---|---|

२४.३ मिति २०८१।१।१५ देखि १।२२ सम्म सन्चालन भएको उक्त प्रतियोगितामा कति वटा टिमका कति खेलाडिले सहभागिता जनाएका थिए भन्ने विवरण खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **श्रेस्ता पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । नगरपालिका चालु खर्च तर्फका निम्नानुसारका भौचरहरुबाट रु.२१११९०२।०० खर्च लेखिएकोमा सोसँग सम्बन्धित श्रेस्ता लेखापरीक्षणमा पेश नभएकोले श्रेस्ता पेश गर्नुपर्ने रु......

| गो भौ नं | भुक्तानी पाउने | रकम |
|---|---|---|
| १९६।२०८०।८।१३ | एलिसा फुड कोर्ड एण्ड फेमिलि लज | ६९७२१० |
| २१८।२०८०।८।२७ | पेज टु प्रिन्ट मिडिया प्रा.लि. | २१०१८० |
| २३८।२०८०।८।२९ | यूनिक आईडियल अटोमोवाईल्स प्रा.लि. | १०४६५६ |
| २४६।२०८०।८।२९ | नेशनल सप्लायर्स र राहुल मण्डललाई भुक्तानी | ९४३८१ |
| २४८।२०८०।८।२९ | अपि प्रिन्टिङ प्रेस प्रा.लि | २१४७०० |
| २६३।२०८०।९।१२ | न्यू यदुवंशी अफसेट प्रेस र राहुल स्टेशनरी एण्ड ट्रेडर्स | १९३०२५ |
| ४८१।२०८०।११।२१ | गोमा आले मगर | १४७७५० |
| ८०३।२०८१।३।२४ | राहुल मण्डलको पेश्की फर्छ्यौट | ४५०००० |
| | | २१११९०२ |

| प्रमाण पेश नगरेको | २१,११,९०२ |
|---|---|

२६ **तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम**

पालिकाले विभिन्न तालिम गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम गैह्र सरकारी संस्थाहरुमार्फत गराई गत वर्षको भुक्तानी बाँकी समेत आर्थिक वर्ष २०८०।८१ मा गाउँपालिका चालु खर्चबाट रु.६९५३७५३।०० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

२६.१ गैह्र सरकारी संस्थाहरुले संचालन गरेका तालिममा सहभागीहरुको छनौटको स्पष्ट आधार उल्लेख नहुने गरेको पाइयो । सहभागीहरुको छनौट आवस्यकता र कार्यक्रमको उद्येश्य अनुसार भए/नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी थप विश्लेषण गरी तालिमबाट भएका उपलब्धीको अभिलेख राखी आगामी दिनमा उपलब्धी हुने खालका तालिम तथा अभिमुखीकरण कार्यक्रमलाई मात्र संचालनमा ल्याई अनावस्यक खर्च हुन नदिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एकलाख रुपैयाभन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने र दफा ५क. मा तयार भएको लागत अनुमान स्वीकृत गर्नुपर्ने उल्लेख छ । पालिकाले गैह्र सरकारी संस्था मार्फत संचालन गरेका अधिकांस तालिम गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमको लागत अनुमान तयार गरेको छैन भने अधिकांस कार्यक्रमको प्रस्ताव आव्हान गर्दा बिनियोजित बजेटकै आधारमा गर्ने गरेको छ । लागत अनुमान तयार नगरी विनियोजित बजेटकै आधारमा प्रस्ताव आव्हान गर्ने कार्यमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.३ **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थाको सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार संस्थाबाट तालिम गोष्ठी अभिमुखीकरण सम्बन्धी सेवा खरिद गरी रु.५४१४२५३।०० भुक्तानी दिएकोमा ती संस्थाहरुले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन् । मुल्य अभिवृद्धि कर विजक जारी नगर्ने निम्न संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा रु.६४२९४३।०० घटी कर कट्टी गरी भुक्तानी गरेकोले कर कट्टा गर्न छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजश्व दाखिला गर्नुपर्ने रु.....

| गो भौ नं | कार्यक्रमको विवरण | संस्थाको नाम | रकम | कर कट्टी गर्नुपर्ने | कर कट्टी भएको | नपुग कर |
|---|---|---|---|---|---|---|
| ३३१।२०८०।१०।७ | सरसफाइ सम्बन्धी तालिम | मानव अधिकारको लागि महिला, एकल महिला समूह | ३४०००० | ५१००० | ११४५२ | ३९५४८ |
| ३३३।२०८०।१०।७ | सर्फ बनाउने सम्बन्धी तालिम | दलित महिला संघ | ४५०००० | ६७५०० | ८३२२ | ५९१७८ |
| ४१९।२०८०।११।११ | महिने सिलाई कटाइ तालिम | दलित महिला संघ | ४७२९५० | ७०९४३ | ११४०० | ५९५४३ |
| ६६०।२०८१।२।२० | मिथिला पेन्टिङ्ग तालिम कार्यक्रम | युनिक समाज उत्थान केन्द्र | ४९६५५० | ७४४८२ | १५२११ | ५९२७१ |
| ७०४।२०८१।२३।०६ | बाँसको मुढा बनाउने तालिम | सामाजिक विकास केन्द्र | ४९७५०० | ७४६२५ | २०७४० | ५३८८५ |
| ७४४।२०८१।३।१७ | चप्पल बनाउने सीप मुलक तालिम | दलित महिला संघ | ४८९९२५ | ७३४८८ | ११६२७ | ६१८६१ |
| ७५९।२०८१।३।२० | सिलाई कटाइ तालिम | मानव अधिकारको लागि महिला एकल समूह | ४९०८५० | ७३६२७ | १७७२८ | ५५८९९ |
| ८०९।२०८१।३।२४ | सेनिटरी प्याड बनाउने तालिम | शक्ति महिला सामुदायिक संस्था | ४९५००० | ७४३०४ | २७३६३ | ४६९४१ |
| ८१४।२०८१।३।२४ | न्यायिक समिति संचालन तथा क्षमता अभिवृद्धि तालिम | महिला सशक्तिकरण विकास केन्द्र | ४९५६४० | ७४३४६ | १७८३९ | ५६५०७ |
| ८१५।२०८१।३।२४ | सिलाई कटाइ तालिम | दलित महिला संघ | ४९६००० | ७४४०० | १२८०५ | ६१५९५ |
| ८१७।३।२४ | वडा नं ७ मा महिला ससक्तिकरण तालिम संचालन | शक्ति महिला सामुदायिक संस्था | १९३०८८ | २८९६३ | ६५१२ | २२४५१ |
| ८२१।३।२४ | महिलाहरुलाई ब्याग बनाउने तालिम | मानव अधिकारको लागि महिला, एकल महिला समूह | ४९६७५० | ७४५१२ | ८२४८ | ६६२६४ |
| | | जम्मा | ५४१४२५३ | ८१२१९० | १६९२४७ | ६४२९४३ |


https://nams.oag.gov.np

| गो भौ नं | कार्यक्रमको विवरण | संस्थाको नाम | रकम | कर कट्टी गर्नुपर्ने | कर कट्टी भएको | बाँकी |
|---|---|---|---|---|---|---|
| ३३१।२०८०।१०।७ | सरसफाइ सम्बन्धी तालिम | मानव अधिकारको लागि महिला, एकल महिला समूह | ३४०००० | ५१००० | ११४५२ | ३९५४८ |
| ३३३।२०८०।१०।७ | सर्फ बनाउने सम्बन्धी तालिम | दलित महिला संघ | ४५०००० | ६७५०० | ८३२२ | ५९१७८ |
| ४१९।२०८०।११।११ | महिने सिलाई कटाइ तालिम | दलित महिला संघ | ४७२९५० | ७०९४३ | ११४०० | ५९५४३ |
| ६६०।२०८१।२।२० | मिथिला पेन्टिङ्ग तालिम कार्यक्रम | युनिक समाज उत्थान केन्द्र | ४९६५५० | ७४४८२ | १५२११ | ५९२७१ |
| ७०४।२०८१।२३।०६ | बाँसको मुढा बनाउने तालिम | सामाजिक विकास केन्द्र | ४९७५०० | ७४६२५ | २०७४० | ५३८८५ |
| ७४४।२०८१।३।१७ | चप्पल बनाउने सीप मुलक तालिम | दलित महिला संघ | ४८९९२५ | ७३४८८ | ११६२७ | ६१८६१ |
| ७५९।२०८१।३।२० | सिलाई कटाइ तालिम | मानव अधिकारको लागि महिला एकल समूह | ४९०८५० | ७३६२७ | १७७२८ | ५५८९९ |
| ८०९।२०८१।३।२४ | सेनिटरी प्याड बनाउने तालिम | शक्ति महिला सामुदायिक संस्था | ४९५००० | ७४३०४ | २७३६३ | ४६९४१ |
| ८१४।२०८१।३।२४ | न्यायिक समिति संचालन तथा क्षमता अभिवृद्धि तालिम | महिला सशक्तिकरण विकास केन्द्र | ४९५६४० | ७४३४६ | १७८३९ | ५६५०७ |
| ८१५।२०८१।३।२४ | सिलाई कटाइ तालिम | दलित महिला संघ | ४९६००० | ७४४०० | १२८०५ | ६१५९५ |
| ८१७।२०८१।३।२४ | वडा नं ७ मा महिला ससक्तिकरण तालिम संचालन | शक्ति महिला सामुदायिक संस्था | १९३०८८ | २८९६३ | ६५१२ | २२४५१ |
| ८२१।२०८१।३।२४ | महिलाहरुलाई ब्याग बनाउने तालिम | मानव अधिकारको लागि महिला, एकल महिला समूह | ४९६७५० | ७४५१२ | ८२४८ | ६६२६४ |
| | | जम्मा | ५४१४२५३ | ८१२१९० | १६९२४७ | ६४२९४३ |

| असुल गर्नुपर्ने | ६,४२,९४३ |
|---|---|

२६.४ गो भौ नं ४१९।११।११ गत वर्षको भुक्तानी बाँकी भनी २ महिने सिलाई कटाइ तालिम वापत दलित महिला संघलाई रु.४७२९५०।०० मा रु.११४००।०० कर कट्टी गरी रु.४६१५५०।०० भुक्तानी गरेको छ । सम्लग्न सहभागीहरुको हाजिरी विवरण संस्थाले प्रमाणित गरेको नदेखिनुका साथै उक्त तालिम २०८०।१।६ देखि २०८०।३।५ सम्म संचालन भएको भनी प्रतिवेदन सम्लग्न गरिएकोमा सहभागीहरुको हाजिर २०८०।२।३१ सम्मको मात्र भएको देखिएकोले यस सम्बन्धमा पालिकाले थप विश्लेषण गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.५ गो भौ नं ७०४।२०८१।२३।०६ बाट बाँसको मुढा बनाउने तालिम संचालन गरे वापत सामाजिक विकास केन्द्रलाई रु.४९७५००।०० भुक्तानी भएकोमा उक्त तालिम फागुन २३ देखि चैत्र ७ गते सम्म संचालन भएको र उक्त तालिममा २० जना सहभागी भएको कागजात

सम्लग्न भएकोमा सहभागीहरुको तालिम दिने संस्थाले प्रमाणित गरेको छैन भने श्रेस्तामा संस्थाले पेश गरेको प्रस्ताव समेत सम्लग्न गरेको छैन । प्रस्ताव सम्लग्न नभएकोले प्रस्ताव पेश गर्ने संस्थाले पेश गरेको रकम अनुसार नै भुक्तानी भए/नभएको यकिन गर्न सकिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ८१०।२०८१।३।२४ बाट पत्रकारिता तालिम वापत भनी धामिनी साप्ताहिकलाई रु.५००००।०० भुक्तानी गरेकोमा तालिम संचालन भएको देखिने कुनै कागजात पेश नगरेकोले आवस्यक कागजात पेश गरी खर्च पुष्टी गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.....

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

२७ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.२८७७१४७६।०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा यस पालिकाले माथि उल्लेखित पद बाहेकको करारमा राख्न नमिल्नेमा कम्प्यूटर अपरेटर तथा अन्य प्राविधिक पदमा करारमा नियुक्त गरी रु.१३,१३,९१६।०० खर्च गरेको देखियो । दरवन्दि यकिन गरी स्थायी पदपूर्ती गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **ज्यालादारी कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्तिहरुलाई ज्यालादारीमा कम गराई डोर हाजिर मार्फत वर्षभरिमा रु.१३६९२१८१।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले वर्षभरिमा ज्यालादारी मार्फत काम लगाई रु.१३६९२१८१।०० खर्च गरेकोमा सो को अवस्था निम्नानुसार रहेको पाइयो :

| गो भौ नं | महिना | कर्मचारीको संख्या | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ४७। २०८०। ६।१७ | २०८० श्रावण | ४५ | १००३३३६ | डोर हाजिर सम्लग्न नरहेको |
| १५४। २०८०।। ७।१ | २०८० भाद्र र असोज | ४५ | १९४७४८६ | अरविन्द कुमार साह, रमेश कुमार सिंह र देवेन्द्र कुमार यादव गरी ३ जनाको मात्र डोर हाजिर सम्लग्न रहेको । सम्लग्न भएका डोर हाजिर पनि स्वीकृत गरिएको छैन । |
| १७४। २०८०। ७।२१ | २०८० कार्तिक | ४५ | ६९६८९२ | डोर हाजिर सम्लग्न नरहेको |
| २६२। २०८०। ८।२९ | इ शैलेन्द्र कुमार यादवलाई २०८० श्रावण १ देखि पौष मसान्तसम्मको भनी एकमुष्ट भुक्तानी | | २१८४४५ | डोर हाजिर सम्लग्न नरहेको |
| ३००। २०८०। ९।२४ | २०८० मंसिर | ४६ | १००१४९६ | डोर हाजिर सम्लग्न नरहेको |
| ३०४। २०८०। ९।२४ | २०८० षौप | ५० | ११२९१४० | डोर हाजिर सम्लग्न नरहेको |
| ४१०। २०८०। ११।९ | २०८० माघ | ५१ | १०५८४७८ | डोर हाजिर सम्लग्न नरहेको |
| ५०६। २०८०। १२।१० | २०८० फागुन | ५४ | ११८७३४८ | डोर हाजिर सम्लग्न नरहेको |
| सैद्धान्तिक बेरुजु |

५६ **राजश्व दाखिला :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । पालिका अन्तर्गतका विभिन्न वडाहरुबाट आम्दानी भएको राजस्व रकम पाक्षिक वा मासिक रुपमा मात्र बैंक दाखिला गर्ने गरेको देखिन्छ । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **अमानतबाट गिट्टी, ढुगां, वालुवाको राजस्व संकलन:**

५७.१ घुर्मिखोलाबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ले निर्धारण गरे अनुसार २५० घ.मि. प्रति दिन संकलन गर्न पाउने गरी(३० दिन बराबर) २०८०।१०।८ बाट २०८०।११।४ सम्मको लागि २०८०।९।२६ मा सूचना प्रकाशन गरेको देखियो । उक्त सूचना बमोजिम एलिजा कन्सट्रक्सनलाई संकलन गर्न दिइ २५० घ.मि. प्रतिदिनले ३० दिनको रु. ७० का दरले हुने रु. ५,२५,००० (२५० घ.मि. *३०दिन*७०) अमानतबाट संकलन गरेको देखिन्छ । मधेश प्रदेश आर्थिक ऐन, २०८० तथा नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची-८ बमोजिम प्रति घ.मि. ग्राभेल रु. १५० का दरले गिट्टी, ढुगां, बालुवा, ग्राभेलको दर उल्लेख गरेको देखिन्छ । तसर्थ पालिकाको आर्थिक ऐन बमोजिम दैनिक २५० घ.मि. ले ३० दिन बराबर संकलन गर्दा ७५०० घ.मि. संकलन भई रु. १५० का दरले रु. ११,२५,००० राजस्व संकलन हुनेमा घटि दरमा संकलन गरी रु ५,२५,००० मात्र राजस्व प्राप्त गरेकोले घटि राजस्व असूल गरेको देखियो । २०८०।९।२६ मा सूचना प्रकाशन गर्दा न्यूनतम रु. ७० प्रति घ.मि. कायम गर्ने गरि निर्णय गरेको कारणले रु. ६,००,००० राजस्व न्यून भएको देखिएकोले यस्तो प्रकारले अनियमित किसिमले निर्णय गर्नेलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

५७.२ **अमानतबाट संकलन गरेको मू.अ. कर**: मू.अ. कर ऐन, २०५२ को दफा १५(३) बमोजिम स्थानिय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मू.अ. कर असूल गर्नुपर्ने उल्लेख छ । मूल्य अभिवृद्धि कर निर्देशिका (तेश्रो संशोधन, २०८० ) मा पालिकाले आफ्नो क्षेत्र भित्रको ढुगां, माटो, वालुवा वा यस्तै कुनै प्राकृतिक स्रोत उत्खनन वा संकलन गरि बिक्री वितरण गर्ने अनुमति वा अधिकार ठेक्का प्रणाली वा अन्य माध्यमबाट संकलन गर्न अनुमति दिन सक्ने र अनुमति प्राप्त व्यक्तिले रोयल्टीको साथ साथै मूल्य अभिवृद्धि कर समेत असूल गरी दाखिला गर्ने वा गर्न लगाउनुपर्ने व्यवस्था छ । घुर्मिखोलामा दैनिक २५० घ.मि. ३० दिनमा रु. ७० का दरले हुने रु. ५,२५,००० को मू.अ. कर रु. ६८,२५० असूल गरेको नदेखिएकोले उक्त कर असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,२५० |

५८ **पोखरी ठेक्काको रकम प्राप्त नगरेको:**

नगरपालिका क्षेत्रभित्रका पोखरीहरुमा माछापालन गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि ठेक्कामा लगाएको देखिन्छ । देहाय बमोजिमका ठेक्काहरु २०७९।०८० मा लगाएकोमा आ.व. ०८०।०८१ मा रकम प्राप्त नगरेकोले रकम असूल गरि नगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| पोखरी ठेक्का | सकारकर्ताको नाम | ठेक्का अवधि | सम्झौता रकम | हालसम्म बुझाएको रकम | २०८०।८१ मा बुझाउन बाँकी रकम |
|---|---|---|---|---|---|
| भट्टिवाला पोखरी, न . पा . - ११ | रामविलास यादव | ३ | ३२५००० | ११०५०० | १०७२५० |
| मूश्रीवालाको पोखरी न. पा . - १३ | रामविलास यादव | ३ | २५१००० | ८५३४० | ८२८३० |
| मैजनिया पोखरी, न . पा . - १३ | रामविलास यादव | ३ | १०१००० | ३४३४० | ३३३३० |
| जिम्दार पोखरी, न . पा . - १३ | रामविलास यादव | ३ | ४०५००० | १३७७०० | १३३६५० |
| गिट्टीवालाको पोखरी, न . पा . - ८ | श्रेष्ठ पशुपन्छी तथा कृषि उद्योग प्रो ओम प्रकाश क्षेष्ठ | ३ | ६०५००० | २०२००० | २०१५०० |
| | | जम्मा | १६८७००० | ५६९८८० | ५५८५६० |

| असुल गर्नुपर्ने | ५,५८,५६० |
|---|---|

५९ **निजी आवादीमा माटो तथा ग्राभेल उत्खनन:**

गोलबजार न.पा. -१ श्री जनता आधारभूत विद्यालय वलडाडा देखी करिब ४०० मि. पश्चिमपट्टी गागन खोला छेउमा निजी आवादी माटो तथा ग्राभेल उत्खनन गरी बिक्री वितरण गर्न जग्गा धनि सिराहा जिल्ला गोलबजार न.पा. -१ का सन्तोष कुमार पूर्वेको नाउँमा रहेको निजी जमिनमा सुरक्षित तवरले माटो तथा ग्राभेल उत्खनन, संकलन र बिक्री गर्न IEE प्रतिवेदन समेतको आधारमा जग्गाधनिको मन्जुरीनामाले रोशन कन्सट्रक्सन क. प्रा.लि. ले उत्खनन गरेको १९,५९७.५७ घ.मि. नगरपालिकाको प्राविधिक समूहले गरेको प्रतिवेदन अनुसार प्रमाणित गरे अनुसार प्रति घ.मि. रु. १५० ले हुने रु २९,३९,६३५।५० नगरपालिकामा दाखिला गरेकोमा त्यसको मू.अ. कर रु. ३,८२,१५२।६२ असूल गरेको नदेखिएकोले असूल गरि राजस्व दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,८२,१५२.६२ |
|---|---|

६० **निजी आवादीमा खानीजन्य पदार्थ उत्खनन:**

सिराहा जिल्ला गोलबजार नगरपालिका-१ का जग्गा धनी पिंकी कुमारी महतो र लक्ष्मी सुडिको नाममा दर्ता स्रेस्ता कायम भएको निजी आवादीमा जग्गा धनिको मन्जुरी नामा अनुसार कमलामाई सप्लायर्स, धनुषाले खानीजन्य पदार्थ उत्खनन गर्न IEE प्रतिवेदन अनुसार २७००० घ.मि. सिफारिस गरेकोमा कार्यालयको प्राविधिक प्रतिवेदन अनुसार २४२५५ घ.मि. उत्खनन गरेको देखियो । प्रति घ.मि. रु. १५० ले हुने रु. ३६,३८,२५० रोयल्टी वापतको रकम दाखिला गर्नुपर्नेमा निम्नानुसार दाखिला गरेकोले नपुग राजस्व तथा मू.अ. कर दाखिला गर्नुपर्ने रु.

| दाखिला गर्नुपर्ने | आव २०८०।८१ मा दाखिला गरेको | | | | नपुग रकम | मू.अ. कर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ३६३८२५० | आव | र.नं. | दाखिला मिति | रकम | | | |
| | ०८०।८१ | २३५० | ०८१।२।३० | ९०००० | | | |
| | ०८०।८१ | २४१५ | ०८१।३।९ | ५००००० | | | |
| | ०८०।८१ | २४६३ | ०८१।३।१९ | १०००००० | | | |
| | ०८१।८२ | २३२ | ०८१।५।३० | १५००००० | | | |
| | ०८१।८२ | ६०८ | ०८१।८।१६ | ५००००० | | | |
| ३६३८२५० | | | | ३५९०००० | ४८२५० | ४७२९७२.५ | ५२१२२२.५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२१,२२२.५ |

## ६१ स्वास्थ्य संस्था दर्ता तथा नविकरण दस्तुर:

गोलबजार नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ७ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारको आधारमा सोही ऐनको अनुसूची-६ बमोजिम व्यवसाय कर लगाउने र असूल उपर गरिने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहायका स्वास्थ्य संस्थाहरुले अनुसूचीमा उल्लेखित दरहरुमा शैया संख्याको आधारमा प्रति शैया रु. ५००० दर्ता दस्तुर र प्रति शैया रु. १००० नविकरण दस्तुर लाग्ने उल्लेख छ । नगरपालिकाको स्वास्थ्य शाखाले शैया संख्या यकिन गरी सोही आधार शुल्क, दस्तुर, असूल गर्नुपर्नेमा स्वास्थ्य शाखाले शैया संख्या यकिन नगरेको कारण दर्ता एवं नविकरण शुल्क, दस्तुर प्राप्त गरेको देखिएन । तसर्थ शैया संख्या यकिन गरी शुल्क प्राप्त गर्नुपर्दछ ।

| स्वास्थ्य संस्थाको नाम, ठेगाना | विवरण |
|---|---|
| लङलाइफ लंग हेल्थ केयर प्रा. लि ., गोलबजार - ६ | स्वास्थ्य सम्बन्धि कार्य |
| उत्तिमलाला मेमोरियल हस्पिटल, गोलबजार - ६ | स्वास्थ्य सम्बन्धि कार्य |
| गोलबजार हेल्थकेयर | स्वास्थ्य सम्बन्धि कार्य |
| धमिनि हस्पिटल | स्वास्थ्य सम्बन्धि कार्य |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६२ पेट्रोल पम्पको व्यावसायिक कर:

नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ७ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची -६ बमोजिम कर, शुल्क लगाउने उल्लेख छ । अन्य सेवा अन्तर्गत नगरपालिका भित्र पेट्रोलियन पदार्थ बेच्ने पम्प प्रति मेशिन रु. ३००० बार्षिक कर लगाउने उल्लेख गरेकोले कार्यालयबाट प्राप्त विवरण अनुसार निम्न पेट्रोल पम्प संचालनमा रहेकोले सेवा शुल्क बापत रु. २१,००० असूल गर्नुपर्नेमा असूल नगरेकोले असूल गरी आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु

| नाम | विवरण | मेशिन संख्या | रकम |
|---|---|---|---|
| पशुपति आयल पम्प, गोलबजार - ४ | पेट्रोल तथा डिजल विक्री वितरण | २ | ६००० |
| नवदुर्गा पेट्रोल पम्प, गोलबजार - ६ | पेट्रोल तथा डिजल विक्री वितरण | २ | ६००० |
| गणपति पेट्रोल पम्प, गोलबजार - ८ | पेट्रोल तथा डिजल विक्री वितरण | ३ | ९००० |
| जम्मा | | | २१००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,००० |

६३ **ईट्टा उद्योगको व्यावसायिक कर:**

नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची- ६ को उद्योग अन्तर्गत प्रति ईट्टा उद्योगले वार्षिक रु. ४५,००० व्यावसाय कर बुझाउनुपर्नेमा देहाय बमोजिमका उद्योगहरु नगरपालिका क्षेत्र भित्र रहेका तर व्यवसाय दर्ता नगराएको कार्यालयबाट प्राप्त विवरणमा उल्लेख गरेको देखिन्छ ।नगरपालिका क्षेत्रमा संचालित देहायका उद्योगलाई दर्ता गराइ करको दायरामा ल्याई कर, दस्तुर असुल गरि आन्तरिक राजस्व प्राप्त गर्नुपर्ने देखिएको रु.

| क्र. स . | ईट्टा उद्योगको नाम, ठेगाना | विवरण | वार्षिक कर रकम |
|---|---|---|---|
| १ | लक्ष्मी ईट्टा उद्योग, न . पा . - ११ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| २ | गुड्डु ईट्टा उद्योग, न . पा .- ११ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ३ | न्यू गुड्डु ईट्टा उद्योग, न . पा . - ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ४ | शिव ईट्टा उद्योग, न . पा . - ६ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ५ | धमिनि ईट्टा उद्योग न. पा .- ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ६ | सागर ईट्टा उद्योग, न . पा .- ४ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ७ | न्यू सागर ईट्टा उद्योग, न . पा .- ६ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ८ | पूजा ईट्टा उद्योग, न . पा .- ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ९ | माँ जानकी ईट्टा उद्योग, न . पा - ८ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| १० | श्री राम ईट्टा उद्योग, न . पा .- ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| ११ | श्री सगुन ईट्टा उद्योग, न . पा . - ६ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| १२ | ॐ गणपति ईट्टा उद्योग, न . पा . - ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| १३ | ममता ईट्टा उद्योग , न . पा . - ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| १४ | विसाल ईट्टा उद्योग , न . पा . - ५ | ईट्टा उत्पादन र बिक्री | ४५००० |
| जम्मा | | | ६३०००० |

| असुल गर्नुपर्ने | ६,३०,००० |
|---|---|

६४ **कारोबारमा आधारित सपिङ मल:**

नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ७ मा नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय गरि आर्थिक कारोबारको आधारमा कर लिइने हुनाले कारोबार यकिन नभएको कारणले कर असूल भएको देखिएन । तसर्थ कार्यालयबाट प्राप्त विवरण अनुसार देहायका सपिङ मलहरुको कारोबार रकम यकिन गरि गराइ कर रकम प्राप्त हुनुपर्दछ ।

| सपिङ मलको नाम, ठेगाना | विवरण |
|---|---|
| ए. वि . सपिङ कम्प्लेक्स , न . पा .- ६ | मल |
| फेसन प्लाजा, न . पा .- ६ | सपिङ्ग सेन्टर |
| गोर्खा डिर्पाटमेन्टल स्टोर, न . पा . - ४ | सपिङ्ग सेन्टर |
| मेट्रो सुपरमार्केट, न . पा .- ४ | सपिङ्ग सेन्टर |

| सैद्धान्तिक बेरुजु |
|---|

६५ **फर्निचर उद्योगको वार्षिक कर रकम:**

नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ७ मा अनुसूची ६ मा उल्लेखित उद्योगको वर्गिकरण भित्र पर्नेलाई सोही अनुसूची मा तोकिए बमोजिम व्यवसाय कर लिइने र अनुसूचीमा उल्लेख नभएका उद्योगलाई कारोबारमा आधारित हुने हुनाले कार्यालयबाट प्राप्त विवरण अनुसार देहायका उद्योगहरुबाट फर्निचर एवं मदिरा उद्योगबाट वार्षिक रु. ५५,००० का दरले कर असूल गर्नुपर्नेमा गरेको नदेखिएकोले असूल गरि आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| क्र. स . | नाम, ठेगाना | विवरण | रकम |
|---|---|---|---|
| १ | पि. के . फर्निचर उद्योग , गोलबजार - ६ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| २ | कमला फर्निचर, गोलबजार - ४ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ३ | नव दुर्गा फर्निचर, गोलबजार - ४ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ४ | ज्योति फर्निचर, गोलबजार - ६ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ५ | गुप्ता फर्निचर, गोलबजार - ४ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ६ | होम डेकोर फर्निचर, गोलबजार - ४ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ७ | नायक फर्निचर, गोलबजार - ४ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ८ | पवन फर्निचर, गोलबजार - ४ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ९ | विश्वकर्म फर्निचर, गोलबजार - ८ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| १० | मनिष काष्ठ फर्निचर, गोलबजार - ८ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| ११ | दास फर्निचर, गोलबजार - ८ | काष्ठ सम्बन्धि कार्य | ५५००० |
| १२ | शारदा डिष्टिलरी गोलबजार- ९ | पिय पदार्थ सम्बन्धि | ५५००० |
| जम्मा | | | ६६०००० |

| असुल गर्नुपर्ने | ६,६०,००० |
|---|---|

६६ **पशुबजार ठेक्का (ठे नं ५।०७९।०८०):**

६६.१ पशुबजार ठेक्का लगाई आय आर्जन गर्ने उद्देश्यले न्यूनतम रु. ५०,०५,५०५ कायम गरि आय ठेक्का आव्हानको सूचना प्रकाशन हुदाँ प्रथम, दोश्रो र तेश्रो पटक गर्दा समेत ठेक्का नपरेकोले चौथो पटक बजार लाग्ने अवधि समेतको विश्लेषण गरेको जनाई २०८०।४।४ मा न्यूनतम ठेक्का अकं घटाई न्यूनतम अकं रु. ३५,०५,१५१ कायम गरि ठेक्का आव्हान हुदाँ सुरेश कुमार मण्डल गोलबजार-१० संग रु. ३५,१०,१५१, २०८० श्रावण १५ देखि २०८१ असार मसान्त सम्मको लागि आय ठेक्का स्वीकृत गरेकोमा निजले २०८०।५।११ मा रु. १४,०४,१०० मात्र बुझाएकोले रु. २१,०६,०५१ किस्ता बापतको रकम नबुझाएको र निजले सम्झौताका बखत सूचनामा उल्लेख भए अनुसार सम्झौताको बुदाँ नं ३ मा तोकिएको समयमा रकम नबुझाएमा धरौटी जफत हुने उल्लेख गरेको देखिन्छ । सकारकर्ताले रु. २,००,००० धरौटी राखेको छ । सकारकर्ताले रु. ३५,१०,१५१ कबोल अकंको ५ प्रतिशतले हुने रु. १,७५,५०७। ५५ धरौटी समेत सम्झौताको शर्त अनुसार असूल गरेको देखिएन । तसर्थ बुझाउन बाँकी किस्तावापतको रकम २१,०६,०५१ असूल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २१,०६,०५१ |
|---|---|

६६.२ **मू.अ. कर दाखिला:** मू.अ. कर ऐन, २०५२ को दफा १५(३) मा स्थानिय तहले मू.अ. कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्दा मू.अ. कर असूल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको २०७६।४।१ देखि लागू भएको राजश्व शिर्षक वर्गिकरण र व्याख्या

सम्बन्धि परिपत्रमा स्थानिय तहले संकलन/दाखिला गर्ने मू.अ. कर रकम राजस्व संकेत न. ३३३१७ वेदर्तावालाबाट गर्ने मू.अ. कर सकंलन शिर्षकमा दाखिला गर्नुपर्दछ । पशुबजार ठेक्काको आय ठेक्का सकारकर्ता सुरेश कुमार मण्डलले रु. ३५,१०,१५१ मा सकार गरेकोले सो को हुने मू.अ. कर रु. ४,५६,३१९ दाखिला गरेको नदेखिएकोले असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५६,३१९ |

६७ **नदिजन्य पदार्थ उत्खनन :**

६७.१ **घटी राजस्व:** गागन खोला नदिजन्य पदार्थ आय ठेक्कामा प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन अनुसार उक्त खोला घाटमा वार्षिक ६३४३२.२२ घ.मि. उत्खनन गर्न सकिने उल्लेख छ । उक्त खोलाको नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि गर्ने प्रयोजनको लागि उत्खनन गर्न सकिने परिमाण ५२८७०.०६ घ.मि. को लागि रु. ५०,२५,५५५ न्यूनतम अकं कायम गरि ठेक्का आव्हान गर्दा पर्न आएका बोलपत्र मध्ये जय शम्भू कन्स्ट्रक्सनका प्रो. अंकित कुमार साहको रु. ७५,५१,१११ मू.अ. कर सहितको ठेक्का बोलपत्र मूल्यांकन समिति समेतको सिफारीसको आधारमा मू.अ. कर बाहेक रु. ६६,८२,३९९।११ मा स्वीकृत गरी राजस्व आम्दानी गरेको देखियो । मधेश प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा ढुगां, गिट्टी, बालुवा, माटो, खोलाले बगाई ल्याएको दहत्तर बहत्तर समेतको संकलनमा अनुसूची-६ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिने उल्लेख छ । त्यस्तै अनुसूची-६ मा प्रति घ.मि. रु. १५० देखि रु. २०० सम्म शुल्क तोकेको देखिन्छ । न्यूनतम शुल्कको आधारमा पनि ५२८७०।०६ घ.मि. को रु. १५० का दरले रु. ७९,३०,५०९ शुल्क असुल गर्नुपर्नेमा रु. ६६,८२,३९९।११ असूल गरेकोले प्रदेश आर्थिक ऐनले तोकेको शुल्क भन्दा रु. १२,४८,१०९।८९ घटि राजस्व असूल गरेको देखियो । प्रदेश आर्थिक ऐनमा स्थानिय तहले प्रचलित कानुनमा तोकिएको दरमा नघटने गरि विक्री मूल्य तोक्न सक्ने उल्लेख गरेकोले प्रदेश कानूनले तोकेको शुल्क भन्दा घटि हुने गरि ठेक्का वन्दोवस्त गरेबाट राजस्व घटन गएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,४८,१०९.८९ |

६७.२ **मू.अ. कर दाखिला:** गागन खोलाको नदिजन्य पदार्थको उत्खनन तथा बिक्री वितरण गर्न ठेक्का सकारकर्ता जयशम्भु कन्सट्रक्सनले मू.अ. कर सहित रु. ७५,५१,१११ मा ठेक्का सकारेकोले र निजले २०८०।९।१९, २०८०।९।२२ र २०८१।३।२५ मा रु. ७५,५१,१११ दाखिला गरेकोमा मू.अ. कर सहित कार्यालयलमा दाखिला गरेकोले कार्यालयले मू.अ. कर वापतको रु. ८,६८,७११। ८८ राजस्व शिर्षक नं. ३३३१७ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६८,७११.८८ |

६८ **मैनावती खोलाबाट नदिजन्य पदार्थको उत्खनन एंव विक्री वितरण:**

६८.१ **घटि राजस्व:** नगरपालिका क्षेत्रभित्रको मैनावती खोलाबाट नदिजन्य पदार्थको उत्खनन एंव विक्री वितरण गर्नको लागि IEE प्रतिवेदन अनुसार १४,५८७।१० घ.मि. वार्षिक उत्खनन गर्न सकिने आधारमा १४,२३१ घ.मि. उत्खनन गरी बिक्री वितरण गर्न रु. १,५०,००० न्यूनतम मूल्यांकन कायम गरि ठेक्का आव्हान गर्दा सबैभन्दा बढि कबोल गर्ने मोहन कुमार यादव गोलबजारको रु. २,५७,००५ को ठेक्का स्वीकृत गरेको देखिन्छ । प्रदेश आर्थिक ऐनको अनुसूची- ६ मा प्रति घ.मि. १५० देखि रु. २०० सम्म शुल्क लगाउने उल्लेख छ । प्रदेश आर्थिक ऐनले तोकिको भन्दा घटिमा बिक्री गर्न नमिल्ने प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा उल्लेख गरेकोले न्यूनतम अर्थात प्रति घ.मि. रु. १५० ले १४,२३१ घ.मि. को रु. २१,३४,६५० न्यूनतम अकं कायम गरी ठेक्का लगाउनुपर्नेमा रु. २,५७,००५ मा ठेक्का लगाएकोले रु. १८,७७,६४५ घटिमा ठेक्का बन्दोबस्त गरेवाट राजस्व घटि असूल भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,७७,६४५ |

६८.२ **घटि असूल:** मैनावती खोलाको कबोल रकम रु. २,५७,००५ सम्झौताको शर्त बमोजिम दाखिला गर्नुपर्दछ । सकारकर्ता मोहनकुमार यादवले आ.व. २०८०।०८१ मा रु. २,३१,३०६ (धरौटीबाट समेत) मात्र दाखिला गरेकोले रु. २५,६९९ र रु. २,५७,००५ को

मू.अ. कर रु. ३३,४१०।६५ समेत रु. ५९,१०९।६५ आन्तरिक राजस्व खाता तथा राजस्व शिर्षक मू.अ. कर वेदर्तावालाबाट सकंलन गर्ने शिर्षक ३३३१७ मा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५९,१०९ |
|---|---|

६९ **घुर्मिखोला ठेक्का:**

६९.१ नगरपालिका क्षेत्रभित्रको घुर्मिखोलामा नदिजन्य पदार्थ ५०,०८०।४८ घ.मि. उत्खनन विक्री वितरण गर्नको लागि शुरुमा न्यूनतम मूल्यांकन रु. ४७,६०,५५५ कायम गरि वढावढको तेश्रो पटक सम्म सूचना प्रकाशन गरेकोमा बोलपत्र नगरेकोले चौथो पटक न्यूनतम मूल्यांकन रु. ३५,५७,४१६ (मू.अ. कर बाहेक) कायम गरि सूचना प्रकाशन गरेकोमा सुरेश कुमार मण्डल, गोलबजार-१० को मू.अ. कर बाहेक ३६,६०,००० को ठेक्का स्वीकृत गरेको देखियो । सकारकर्ता सम्झौता गर्न नआएकोले कार्यालयले च.न. ३९ राजस्व। ०८०।९।२५ मा ठेक्का रद्द गर्ने निर्णय गरेको देखियो । पुनः निजले २०८०।६।९ मा ५,००,००० बुझाएको देखिन्छ । सकार रकमको ५ प्रतिशत हुने रु. १,८३,००० धरौटी राखेकोमा उक्त धरौटी जफत समेत नगरेकोले धरौटी जफत गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,८३,००० |
|---|---|

६९.२ त्यस्तै कार्यालयले च.न. ३९ मिति २०८०।९।२५ मा सकारकर्ता सुरेश कुमार मण्डललाई ठेक्का सम्झौता नगरेको र समय व्यतित भै सकेकोले ठेक्का कबोल रकमको दामासाहीले हुन आउने रकम रु. ८,५८,३६७ पालिकाको राजस्व खातामा दाखिला गर्न पत्राचार गरेकोमा उक्त रकम दाखिला गरेको देखिएन । कार्यालयले यकिन गरि सकेको रु. ८,५८,३६७ राजस्व दाखिला गर्नु गराउनुपर्ने देखिएको रु

| असुल गर्नुपर्ने | ८,५८,३६७ |
|---|---|

७० **जे.सि.बी र ग्रेडरको आम्दानी :**

पालिकाले पालिका भित्र र बाहिरको व्यक्तिलाई जे.सि.बि र ग्रेडरबाट सेवाप्रवाह गरे वापत राजस्व सकंलन गरेको देखिएको छ । पालिकाको आर्थिक ऐन, २०८० मा जे.सि.बीको प्रति घण्टा १००० र ग्रेडर प्रति घण्टा २००० का दरले सेवाग्राहीलाई उपलब्ध गराए बापत राजस्व असुल गर्नुपर्दछ । पालिकाले जे सि बि र ग्रेडर सञ्चालनको अभिलेखलाई अद्यावधिक गरेर राखेको छैन । पालिकाले राखेको लगबुकको आधारमा सुत्रबाट राजस्व सकंलन परीक्षण गर्दा देहायको व्यक्ति र संस्थाले जे सि बी र ग्रेडर प्रयोग पछि भाडा दाखिला भएको नदेखिएकोले उक्त रकम दाखिला हुनुपर्ने रु.

| व्यक्ति/ संस्थाको नाम | साधनको प्रकार | प्रयोग गरेको समय (घण्टामा) | दर | दाखिला गरेको रकम | दाखिला गर्न बाकी रकम |
|---|---|---|---|---|---|
| सिरहा नगरपालिका | ग्रेडर | २४ घण्टा | २००० | ० | ४८००० |
| सुख र शान्ति कन्स्ट्रक्सन बन्दीपुर | ग्रेडर | १६ घण्टा | २००० | १६००० | १६००० |
| कमलेश कुमार यादब | जे. सि . बी | ३ घण्टा ३० मिनेट | १००० | २००० | १५०० |
| त्रिदेब साह | जे. सि . बी | ४ घण्टा ३० मिनेट | १००० | ० | ४५०० |
| जम्मा | | | | | ७०००० |

| असुल गर्नुपर्ने | ७०,००० |
|---|---|

७१ **सामाजिक सुरक्षा**

७१.१ **पारदर्शिता र अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन

गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघ संस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१.२ **मृत्यु पश्चात समेत भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम बुँदा नं. १६(ख) बमोजिम भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था छ । लेखापरीक्षण योजनानुसार पालिकाको सामाजिक सुरक्षा भत्ता वितरणको परीक्षण गर्दा लाभग्राहीको मृत्यु पश्चात पाउनुपर्ने अवधिको रकम भन्दा देहायको व्यक्तिलाई बढि रकम भएको देखिन्छ । कार्यविधि विपरीत लाभग्रहीहरुको नाममा बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने अन्यथा पुरै रकम भुक्तानी नभई फिर्ता भएको भए प्रमाण पेश हुनुपर्ने रु.

| वडा नं. | लाभग्राहीको नाम | परिचयपत्र नं. | मृत्यु भएको मिति | पाउनु पर्ने रकम | भुक्तानी रकम | बढि रकम | चौमासिक |
|---|---|---|---|---|---|---|---|
| 1 | वौए लाल चौधरी | 2004123143497 | 12/9/2080 | ९२०० | २४००० | १४८०० | तेश्रो र चौथो |
| ४ | राज कुमार साहु हलुवाई | 2011081602604 | 10/22/2080 | २९३३ | १२००० | ९०६७ | तेश्रो |
| ४ | दशै महतो | 2003123224869 | 7/8/2080 | १०६७ | १२००० | १०९३३ | दोश्रो |
| ४ | श्री मागे राम अग्रवाल | 2004072800469 | 7/2/2080 | २६७ | २४००० | ११७३३ | दोश्रो |
| ४ | फौज बहादुर भट्ट क्षेत्री | 2009123165788 | 5/16/2080 | ६१३३ | १२००० | ५८६७ | पहिलो |
| ८ | सागर देवी यादव | 2004110202553 | 8/6/2080 | ४८०० | १२००० | ७२०० | दोश्रो |
| ८ | केशवर सदा | 2009123096664 | 1/1/2081 | १३३ | १२००० | ११८६७ | चौथो |
| १२ | राम सेवक यादब | 2011061401993 | 11/13/2080 | ५७३३ | १२००० | ६२६७ | तेश्रो |
| १२ | माहा माया भुजेल | 1997123165181 | 7/30/2080 | ४००० | १२००० | ८००० | दोश्रो |
| १२ | लिलिया देवी मलहीन | 2003123169858 | 8/21/2080 | ६७८३ | १२००० | ५२१७ | दोश्रो |
| १२ | जय राम महतो कोईरी | 1988123065695 | 7/30/2080 | ४००० | १२००० | ८००० | दोश्रो |
| जम्मा | | | | | | ९८९५१ | |

| असुल गर्नुपर्ने | ९८,९५१ |
|---|---|

७१.३ **एउटै नागरिकता नम्बरबाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को बुँदा नं. १९ बमोजिम केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । लेखापरीक्षण क्रममा सामाजिक सुरक्षा भत्ता वितरण विवरण परीक्षण बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैकले पालिकालाई उपलब्ध गराएको विवरण अनुसार नगरपालिकामा चारवटै त्रैमासिकमा एउटै नागरिकता नम्बर, एउटै जन्म मिति, एउटै नामका बुबा आमा भएको निम्न व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी भएको देखिएको छ । अन्य वडामा पनि एउटै नागरिकता नं भएको व्यक्तिहरुलाई सामाजिक सुरक्षा दोहोरो भुक्तानी भएको हुनसक्ने हुदा पालिकाले यससम्बन्धी अनुगमन गर्नपर्ने देखिन्छ । पालिकाले नागरिकताका आधारमा कार्यविधि विपरीत लाभग्रहीहरुको नाममा दोहोरो भुक्तानी भएको रकम असूल हुनुपर्ने अन्यथा फरक व्यक्ति भएको भए प्रमाण पेश हुनुपर्ने रु.

| वडा नं. | लाभग्राहीको नाम | परिचय पत्र न | नागरिकता नं. | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३ | अमृत वहादुर श्रेष्ठ | 2009101005642 | ०२५९-२०५ | ४८००० |
| | अमृत वहादुर श्रेष्ठ | 2009101007358 | | |
| ३ | लालमाया तामाङ्नी | 2006123233509 | 18752244 | ४८००० |
| | लाल माया तामाङ्नी | 2006023100733 | | |
| १२ | दुर्गा वति यादब र | 2008122012629 | २५९२४५२ | ४८००० |
| | दुर्गा बति मण्डल | 2008122011533 | | |
| जम्मा | | | | १४४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गोलबजार नगरपालिका, सिराहा , गोलबजार नगरपालिका , सिराहा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुबोध कुमार लामा | २०७८-८-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गंगाराम मण्डल | २०८०-८-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १९,०९०,७३७.८ | ४,२१३,३५४.८९ | १७,२६५,७५६.१८ | ० | ० | ४,१६५,०१० |
| | | | | **जम्मा बेरुजु रकम** | ४४,७३४,८५८.८७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| २ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ३ | सफ्टवेयर खरिद र वार्षिक मर्मत खर्च | सफ्टवेयर खरिद र वार्षिक मर्मत खर्च |
| ४ | सोझै खरिद | सोझै खरिद |
| ५ | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| ६ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ७ | सिलवन्दि दरभाउपत्रबाट हुने खरिद र भुक्तानी खरिद ऐन, नियम अनुसार पालना नहुन सक्ने | सिलवन्दि दरभाउपत्रबाट हुने खरिद र भुक्तानी खरिद ऐन, नियम अनुसार पालना नहुन सक्ने |
| ८ | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ९ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च |
| १० | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ११ | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| १२ | लागत अनुमान, खरिद सम्झौता, ठेक्का व्यवस्थापन | लागत अनुमान, खरिद सम्झौता, ठेक्का व्यवस्थापन |
| १३ | डि.पि.आर. एवं परामर्श सेवा खरिद | डि.पि.आर. एवं परामर्श सेवा खरिद |
| १४ | राजस्व तथा आन्तरिक आयतर्फ | राजस्व तथा आन्तरिक आयतर्फ |
| १५ | ठेक्का तथा खरिद व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| १६ | शिक्षा तर्फ | शिक्षा तर्फ |

## बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालु आ. व. | | गत आ. व.सम्मको | |
|---|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको |
| १ | | | | | | | |
| १ | पानी तथा बिजुली | अमलेश कुमार सिंह | | - | 70,000.00 | - | - |
| २ | नसर्ने रोग (NCD) सम्बन्धी कार्यक्रम | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 200,000.00 | - | - |
| ३ | RCCE (Risk Communication and Community Engagement Program) | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 130,000.00 | - | - |
| ४ | महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 100,000.00 | - | - |
| ५ | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा स्थलगत अनुशिक्षण समता तथा पहुच कार्यक्रम) | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 59,500.00 | - | - |
| ६ | साविक नक्सा फिल्ड बुक उतार (राजस्व) | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 20,000.00 | - | - |
| ७ | निस्सा तयारी तथा वितरण | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 200,000.00 | - | - |
| ८ | सहजीकरण समितिको अभिमुखीकरण कार्यक्रम | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 200,000.00 | - | - |
| ९ | नाप नक्सा तथा अन्य कार्यको लागि औजार खरिद मशलन्द | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 30,000.00 | - | - |
| १० | छपाइ (फिल्ड बुक मुचुल्का अनुसूची प्रमाणपत्र/सम्मानपत्र) | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 50,000.00 | - | - |
| ११ | कार्यप्रगति तथा समिक्षा र समन्वय बैठक | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 100,000.00 | - | - |
| १२ | विविध कार्यक्रम खर्च | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 450,000.00 | - | - |
| १३ | रेबिज नियन्त्रण कार्यक्रम | महेश कुमार राय | नायव पशु सेवा प्राविधिक | - | 200,000.00 | - | - |
| १४ | पशु खोप संचालन | महेश कुमार राय | नायव पशु सेवा प्राविधिक | - | 60,000.00 | - | - |
| १५ | माछा भुरा वितरण कार्यक्रम | बिरेन्द्र कुमार यादव | | - | 100,000.00 | - | - |
| १६ | नगर प्रहरी अभिमुखिकरण तालिम | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | - | 400,000.00 | - | - |
| १७ | सभा सञ्चालन खर्च | निरंजन शाक्य | जनस्वास्थ्य निरिक्षक | 500,000.00 | - | - | - |
| १८ | खेलकुद विकास कार्यक्रम खर्च | सुवोध कुमार लामा | अधिकृत सातौं | 450,000.00 | - | - | - |
| १९ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | सुवोध कुमार लामा | अधिकृत सातौं | 317,750.00 | - | - | - |
| जम्मा | | | | 1,267,750.00 | 2,369,500.00 | - | - |
| २ | | | | | | | |
| | | | | - | - | - | 15,000,000.00 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | जय गोविन्द साह पोलिटेक्निक इन्स्टिच्यूटको भवन निर्माण | जय गोविन्द साह पोलिटेक्निक ईन्ष्टिच्युट | | | | | |
| २ | श्री आधारभुत विद्यालय धर्मपुरमा मन्टेशरी तथा बालविकास सामग्रीहरु खरिद तथा वितरण गो.नं.पा. १० | श्री आ.वि धर्मपुर गोलबजार | | - | - | - | 450,000.00 |
| ३ | सर्प डसन केन्द्र शेरगनलाई निर्माण कार्य अनुदान | सर्पदंश उपचार केन्द्र संचलान तथा व्यवस्थापन समिति | | - | - | - | 500,000.00 |
| जम्मा | | | | - | - | - | 15,950,000.00 |
| ३ | | | | | | | |
| १ | प्रजन्न स्वास्थ्य सम्बन्धि तालिम स्वास्थ्य सेवा प्रवर्धन गर्ने विभिन्न समाग्रीहरु खरिद | निरंजन शाक्य | | - | - | - | 150,000.00 |
| २ | स्वास्थय सम्बन्धी तालिम तथा स्वास्थय चौकिको लागि आवश्यक सामग्री खरिद तथा वितरण | निरंजन शाक्य | | - | - | - | 250,000.00 |
| ३ | सेवा र परामर्श खर्च | भरत पंडित | प्रा.स. | - | - | - | 200,000.00 |
| ४ | पशुपालन सम्बन्धी तालिम साविक वडा नं. १ देखि ९ सम्म | रामकिशोर पंडित | खरिदार | - | - | - | 50,000.00 |
| ५ | लक्षित महिला नेतृत्व विकास तालिम गो न पा २ | रामकिशोर पंडित | खरिदार | - | - | - | 120,000.00 |
| ६ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | योगेन्द्र कुमार महतो | | - | - | - | 200,000.00 |
| ७ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | सत्यभामा उपाध्याय | | - | 171,180.00 | - | - |
| ८ | पाठेघर स्क्रिनिङ्ग उपचार तथा शैल्यक्रिया र हाइड्रोसिल उपचार तथा शल्यक्रिया | सत्यभामा उपाध्याय | | - | 500,000.00 | - | - |
| ९ | औषधी रिप्याकिंग तथा ढुवानी खर्च | सत्यभामा उपाध्याय | | - | 100,000.00 | - | - |
| १० | पशु स्वास्थ्य शिविर | रमेश कुमार सिंह | | - | 80,000.00 | - | - |
| ११ | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | बैजनाथ महतो | | - | 100,000.00 | - | - |
| १२ | उद्यमशिलता विकास तालिम | रंजना सिंह | | - | 140,000.00 | - | - |
| १३ | सहभागीतात्मक ग्रामीण लेखाजोखा कार्यक्रम (PRA) | रंजना सिंह | | - | 49,330.00 | - | - |
| १४ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ कृषि पशुसेवा महिला तथा बालबालिका शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | अनिता कुमारी साह | पोषण सहजकर्ता (स्वयम सेवक) | - | 130,000.00 | - | - |
| १५ | करार कर्मचारी भर्ना लगायतका खर्च | योगेन्द्र कुमार महतो | | - | 400,000.00 | - | - |
| १६ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | सत्य नारायण यादव | | - | 100,000.00 | - | - |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | अन्य कार्यालय संचालन खर्च | विकाश कुमार श्रेष्ठ | | - | 25,000.00 | - | - |
| १८ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | अनिता कुमारी साह | पोषण सहजकर्ता (स्वयम सेवक) | 60,000.00 | - | - | - |
| जम्मा | | | | 60,000.00 | 1,795,510.00 | - | 970,000.00 |
| कुल जम्मा | | | | 1,327,750.00 | 4,165,010.00 | - | 16,920,000.00 |

## बेरूजु दफा ११ सँग सम्बन्धित विवरण - अनुसूची -४

| गो भौ नं ।मिति | भुक्तानी पाउने | पान नं | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम | घटी प्रति |
|---|---|---|---|---|---|---|
| १२४। २०८०।१२। ०७ | जवाहर कन्स्ट्रक्सन प्रा लि | ६०६००६५१२ | नयाँ कृषि सडक निर्माण जम्दह पडा नं ३ | 975,041.21 | 933,970.00 | 4.21 |
| 170।२०८1। 01।16 | शिव प्रकाश निर्माण सेवा | 607228227 | खानेपानी वोडिङ्ग जडान मोटर समेत गोलबजार न.पा. वडा नं. ६ अन्तर्गत | 707,151.74 | 703,750.00 | 0.48 |
| 201।२०८1। ०2।01 | माता श्री कन्स्ट्रक्सन | 614005185 | पुरानो नयाँ वडा कार्यलय भवन मर्मत तथा रंगरोगन र सिडी छोपने ढोका निर्माण | 999,561.49 | 969,030.00 | 3.05 |
| २३३। २०८१।०२। २५ | आशिष कन्स्ट्रक्सन | 303394077 | राईसमिल देखि भित्र जाने बाटव | 996,492.00 | 944,657.00 | 5.20 |
| २३७। २०८१।०२। २७ | पि.के.एम. निर्माण सेवा प्रा.लि. | 606005069 | आर सि सि ढलान कार्य साविक वडा नं. ८ | 799,207.24 | 770,416.00 | 3.60 |
| २५।२०८०। ०६।२६ | साई विल्डर्स | 601914331 | नालासहित सडक ढलान-११ | 999,490.00 | 987,388.00 | 1.21 |
| २८२। २०८१।०३। १९ | बजरंग कन्स्ट्रक्सन सर्भिस | 302743364 | आर.सी.सी. ढलान सरोज पालको घरदेखी घुघुरु पालको घरसम्म गो न पा १२ | 998,703.51 | 968,619.00 | 3.01 |
| २84।२०८१। ०3।19 | आकृति सिद्धान्त कन्स्ट्रक्सन प्रा. लि. | 609956436 | आर.सी.सी. ढलान उधव बहादुरको घरदेखी दुर्गा स्थानसम्म गो न पा १२ | 999,626.57 | 979,310.00 | 2.03 |
| २९।२०८०। ०६।२९ | शिवम् कन्सट्रक्सन | 301366261 | बेतौनाको डिहवारस्थान सडक ढलान | 549,745.00 | 537,126.00 | 2.30 |
| २९३। २०८१।०३। २२ | संजय निमार्ण सेवा | 301475071 | कृषि मोटर खरिद तथा जडान वडा नं.१,२,३ र ६ | 984,591.60 | 956,149.00 | 2.89 |
| २९५। २०८१।०३। २२ | टाण्डव कन्ष्ट्रक्सन कम्पनी प्रा. लि. | 610077878 | कृषी मोटर खरिद तथा जडान वडा नं. ७,८,९ र १० | 977,450.00 | 957,788.00 | 2.01 |
| २९७। २०८१।०३। २२ | मानकी निर्माण सेवा | 303394035 | ६ ईन्च बोरिङ्ग जडान आवश्यकता अनुसार | 988,464.00 | 955,460.00 | 3.34 |
| 318।२०८१। | प्रयण कन्स्ट्रक्सन | 610720770 | कृषि सिचाईको लागि ट्रान्फर्मर खरिद गो.न.पा. १२ | 997,152.53 | 975,020.00 | 2.22 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०३।24 | | | | | | |
| ३४५। २०८१।०३। २४ | साइमन कन्स्ट्रक्सन | 621526710 | माटो ग्राभेल एवम् सडक स्तरोन्नती वडा नं. १ | 999,176.93 | 974,001.00 | 2.52 |
| ३४७। २०८१।०३। २४ | पि.के.एम. निर्माण सेवा प्रा.लि. | 606005069 | थाना रोड जाने बाटो देखि मुन्ना टोल सम्म माटो ग्राभेल | 499,809.74 | 483,929.00 | 3.18 |
| ३६४। २०८1।0३। २४ | रंश कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सी प्रा.लि | 610283174 | सडक कालोपत्रे वडा नं.९ चोहर्वा व्यारेक देखी गोविन्दपुर सम्म | 999,100.80 | 975,625.00 | 2.35 |
| ५५।२०८०। ०८।२८ | रिलायन्स बिल्डर्स | 606428622 | भाईजी टोल देखि बलकवा सम्म सडक मर्मत | 970,708.00 | 881,074.00 | 9.23 |
| ५५।२०८०। ०८।२८ | रिसी कन्स्ट्रक्सन | 604009663 | सशस्त्र प्रहरी बेस क्याम्प गोलबजारको भवनको भुई तल्ला ढलान कार्उ | 699,720.07 | 673,639.00 | 3.73 |
| | जम्मा | | | 16,141,192.43 | 15,626,951.00 | 3.19 |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -५

| गो भौ नं | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| १४६।२०८०।६।३० | गोल बजार संचार सहकारी संस्था लि | ४९७३८० | डकुमेन्ट्री उत्पादन गरी टेलिभिजनमा प्रशारण गर्नेगरी सम्झौता भएकोमा टेलिभिजनमा प्रशारण भएको प्रशारण प्रमाणपत्र लगायत कागजात सम्लग्न नभएको । |
| २०४।२०८१।८।२४ | सहज नेटवर्क प्रा लि | ५४२४०० | पालिका अन्तर्गत स्वास्थ्य संस्था लगायत ३० स्थानमा इन्टरनेट सेवा Field Service दिनेगरी सम्झौता भई भुक्तानी भएकोमा सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिष सम्लग्न गर्नुपर्ने |
| २५४।२०८०।८।२९ | लोकेश पुस्तक स्टेशनरी पसल | ९०८५२ | खेलकुदका सामाग्री खरिद अन्तर्गत १४ ज्याकेट १४ सेट , घडी ५ थान , फुटबल बुट १७ सेट , ग्लोब्स १ सेट खरिद गरेकोमा वितरणको भरपाई सम्लग्न नरहेको |
| २८५।२०८०।९।२० | भर्च्युयल नेटवर्क प्रालि | ५०४०० | वडा कार्यालयहरुमा वाइफाईको लाइनबाट इन्टरनेट सम्बन्धी सेवा उपलब्ध गराए वापत रु. १३४४००।०० भुक्तानी भएकोमा वडा नं ७ , ९ , १० , ११ र कोभिड अस्पतालको रु . १६८००।०० को दरले रु . ८४०००।०० मात्रको सिफारिस सम्लग्न रहेको |
| ४२९।२०८०।११।११ | अर्जिलाल महतो | ४२००० | वडा नं ११ मा भएको पुरानो पिपल बोट काट्ने कार्यमा ८ जनाको डोर हाजिर पेश भए अनुसार रभुक्तानी भएकोमा डोर हाजिरमा माग गर्ने पेश गर्ने तथा प्रमाणित गर्नेको दस्तखत रहेको छैन । |
| ५०५।२०८०।१२।१० | लोकेश पुस्तक स्टेशनरी पसल | ९६९५४ | खेलकुद सामाग्री अन्तर्गत फुटबल ४ थान, खेलाडी ड्रेस ३० सेट , प्याड ३० सेट , किपर ग्लोबस २ सेट खरिद गरिएकोमा वितरणको भरपाई सम्लग्न गरेको छैन । |
| ५०५।२०८०।१२।१० | ग्यामर बिराटानगर १० टिनटोलिया | ९८७६२ | खेलकुद सामाग्री अन्तर्गत ३८ सेट ट्र्याकसुट खरिद गरेकोमा वितरणको भरपाई सम्लग्न छैन । |
| ७२४।२०८१।३।१६ | सृजना इन्टरप्राइजेज | ७४००० | गाडी मर्मतको भुक्तानी गरेकोमा फोटोकपी बिल सम्लग्न गरेको छ । सक्कब बिल पेश गर्नुपर्ने |
| ७२४।२०८१।३।१६ | किन्जल अटो लिंक | ७९१०० | गाडी मर्मतको भुक्तानी गरेकोमा फोटोकपी बिल सम्लग्न गरेको छ । सक्कब बिल पेश गर्नुपर्ने |
| | जम्मा | १५७१८४८ | |

## बेरूजु दफा ३८.३ सँग सम्बन्धित विवरण - अनुसूची -६

| भौचर नि।मिति | योजना | काम | कामको परिमाण (घनमिटर) | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी दर |
|---|---|---|---|---|---|---|
| १३।२०८१।०२।०३ | आर सि सि ढलान कार्य साविक वडा नं. २ गंगाराम तेलीको घर देखि मुनेश्वर रायको घर सम्म उ स | P.C.C. 1:2:4 Works | 104.31 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| १४।२०८१।०२।११ | आर सि सि ढलान कार्य वारी अन्द्रा देखि पारी अरहा सम्म उ स | P.C.C. 1:2:4 Works | 135.91 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| १६।२०८१।०२।१४ | जमदह मुसहर्निया कल्भर्ट देखि चक्र लामाको घर सम्म पीसीसी ढलान उ स | P.C.C. 1:2:4 Works | 34.12 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| १९।२०८१।०२।१४ | सडक ढलान कार्य भोलामान लामा टोलको सडक उ स | P.C.C. 1:2:4 Works | 114.36 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 21।२०८१।०२।16 | आर सि सि ढलान कार्य अमित लामाको घर देखि प्राविधिक शाखा सम्म उ स | P.C.C. 1:2:4 Works | 75.19 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 22।२०८१।०२।16 | आर सि सि ढलान कार्य वारी अरहा देखी पारी अरहा सम्म उ स | P.C.C. 1:2:4 Works | 135.91 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 22।२०८१।०२।16 | सडक ढलान कार्य साविक वडा नं. ३ र ४ को पश्चिम घुर्मि खोला जाने सडक उ स | P.C.C. 1:2:4 Works | 53.66 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 25।२०८१।०२।20 | आर सि सि सडक ढलान कार्य साविक वडा नं. ४ सुर्यमान बि.क.को घर देखि बिल्टु यादवको घर सम्म उ स | P.C.C. 1:2:4 Works | 48.55 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 26।२०८१।०२।20 | आर सि सि ढलान कार्य वडा नं. १ ठकुरीटोल उ स | P.C.C. 1:2:4 Works | 99.54 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 27।२०८१।०२।20 | भोटनाथ चौकदेखि अशोक लामाको घर सम्म | P.C.C. 1:2:4 Works | 45.45 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 28।२०८१।०२।20 | आर सि सि ढलान कार्य वडा नं. ३ निपाने नन्दु साहको घर जाने बाटोमा उ स | P.C.C. 1:2:4 Works | 29.23 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 31।२०८१।०२।25 | आर सि सि ढलान कार्य सत्य नारायण महतोको घरदेखि झोटलाको घर सम्म उ स | P.C.C. 1:2:4 Works | 70.41 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 32।२०८१।०२।25 | आर.सी.सी. सडक ढलान कार्य मुक्सार सुर्यमान वि.क.को घर देखि बिल्टु यादवको घर हुँदै नर्सिङ यादवको घर सम्म उ स | P.C.C. 1:2:4 Works | 62.64 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 34।२०८१।०२।25 | आर.सी.सी.ढलान कार्य सुक ब. घरदेखि उत्तर जाने छोटेलालको घर सम्मको सडक उ स | P.C.C. 1:2:4 Works | 99 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 35।२०८१।०२।25 | आर सि सि ढलान कार्य पिच रोड देखि पश्चिम सरोज यादवको घर सम्म उ.स. | P.C.C. 1:2:4 Works | 135.04 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| | | P.C.C. 1:2:4 Works | 143.55 | 10,399.78 | 11,626.75 | 1,226.97 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 36।२०८१।०२।27 | आर सि सि ढलान कार्य साविक वडा नं. ८ अलुवा टोल उत्तर रघुनि दासको घर देखि स्कुल जाने बाटोमा उ.स. | | | | | |
| 37।२०८१।०२।27 | आर सि सि ढलान कार्य नेताजी महल्वामा गोलबजार न.पा. ११ | P.C.C. 1:2:4 Works | 116.15 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 38।२०८१।०२।27 | आर सि सि ढलान कार्य नेताजी महल्वामा गोलबजार न.पा. ११ | P.C.C. 1:2:4 Works | 68.3 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 39।२०८१।०२।27 | आर सि सि ढलान कार्य साविक वडा नं. ९ जाम्मे महजिद देखि पुर्व चौबाटो सम्म गोविन्दपुरमा उ स | P.C.C. 1:2:4 Works | 135.85 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 40।२०८१।०२।29 | आर सि सि सडक ढलान कार्य राम प्रसाद सुडीको घर देखि पश्चिम मिन कुमारको घर सम्म उ स | P.C.C. 1:2:4 Works | 26.75 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 45।२०८१।०२।32 | आर सि सि ढलान कार्य वडा नं. ३ कुल ब. पुर्व छानेको घर देखी दक्षिक पुर्व उ स गो न पा ३ | P.C.C. 1:2:4 Works | 33.81 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 47।२०८१।०२।32 | आर सि सि ढलान कार्य रामलालको घर देखि पश्चिम राम उमेशको घर सम्म उ स गो न पा-१३ | P.C.C. 1:2:4 Works | 56.98 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 48।२०८१।०२।32 | ढलान कार्य जाफिर मिँयाको घर देखी अशोक शाहको घर सम्म उ स गो न पा ४ | P.C.C. 1:2:4 Works | 54.35 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 49।२०८१।०२।32 | अधुरो आर सि सि ढलान कार्य कामेस्वर नायकको घरदेखि उमा खाजा पसल घर सम्म गो न पा ६ | P.C.C. 1:2:4 Works | 78.25 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 50।२०८१।०२।32 | अधुरो आर सि सि ढलान कार्य दनुवार टोलमा कार्य उ स गो न पा ५ | P.C.C. 1:2:4 Works | 145.35 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 51।२०८१।०२।32 | आर सि सि ढलान कार्य भेल्हा बजारको मेन सडकमा कार्य उ स | P.C.C. 1:2:4 Works | 85.68 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 55।२०८१।०२।32 | आर सि सि ढलान कार्य लवटोली बिजय महतोको घर देखि मुल सडक सम्म उ स | P.C.C. 1:2:4 Works | 109.72 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 56।२०८१।०२।32 | नाला निर्माण कार्य मास्टर आँखे चोक देखि उत्तर सडकमा उ स | P.C.C. 1:2:4 Works | 25.09 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 57।२०८१।०२।32 | आर सि सि ढलान कार्य साविक वडा नं. ६ असर्फी यादवको घर देखि दक्षिण गाउँ हुदै धनिकालाल यादवको घर हुदै शिवजी साहको घर सम्म | P.C.C. 1:2:4 Works | 104.77 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 58।२०८१।०२।32 | आर सि सि ढलान कार्य साविक वडा नं. १ मा कार्य | P.C.C. 1:2:4 Works | 144.44 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 60।२०८१।०२।32 | आर सि सि ढलान कार्य वडा नं. १३ मा अधुरो काम | P.C.C. 1:2:4 Works | 57.66 | 10,399.78 | 11,626.75 | 1,226.97 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाँकी रहेको शिव महतोको घर देखि खोला सम्म | | | | | |
| 61।२०८१।०२।32 | आर सि सि ढलान कार्य बलिराजपुर स्कुल देखि उत्तर र रीभन घर सम्म | P.C.C. 1:2:4 Works | 81.81 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 64।२०८१।०२।32 | आर सि सि ढलान कार्य साविक वडा नं. ९ प्रदिप महराको घर देखि मिठु महराको घर सम्म र डिहबार स्थान जाने सडक | P.C.C. 1:2:4 Works | 58.13 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 65।२०८१।०२।32 | आर सि सि ढलान | P.C.C. 1:2:4 Works | 115.03 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 66।२०८१।०२।32 | अधुरो ढलान कार्य पुरा गर्ने रुदल नायकको घर देखि क्षेत्रिय सडक सम्म | P.C.C. 1:2:4 Works | 104.99 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 69।२०८१।०२।32 | आर सि सि सडक ढलान कार्य | P.C.C. 1:2:4 Works | 127.55 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 70।२०८१।०२।32 | पाइप लाईन विछाउने कार्य भाङवारी थापा टोल | P.C.C. 1:2:4 Works | 34.3 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 71।२०८१।०२।32 | आर सि सि सडक ढलान कार्य | P.C.C. 1:2:4 Works | 63.32 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 73।२०८१।०3।04 | नाला निर्माण कार्य तेतरिया स्कुल वाला बाटोमा उ.स | Brick Masonary Wall(1:4) | 33 | 12,903.66 | 14,408.16 | 1,504.50 |
| 74।२०८१।०3।04 | आर सि सि सडक ढलान कार्य ओम शान्ती देखि पुर्व जाने सडकमा उ. स. | P.C.C. 1:2:4 Works | 65.32 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 81।२०८१।०3।04 | आर सि सि ढलान कार्य गुरुशरण साहको घर दखि विधुतीय कार्यालय सम्म गो.न.पा.-४ | P.C.C. 1:2:4 Works | 51.14 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 82।२०८१।०3।05 | आर सि सि ढलान कार्य सृजना स्कुलको बाटोमा उ.स.गो.न.पा.-६ | P.C.C. 1:2:4 Works | 114.93 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 85।२०८१।०3।05 | आर सि सि ढलान भोला साहको घर देखि थान सम्म गो.न.पा.-६ | P.C.C. 1:2:4 Works | 93.51 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 86।२०८१।०3।05 | आर सि सि ढलान कार्य वडा नं. १२ उ.स.गोलबजार.न.पा.१२ | P.C.C. 1:2:4 Works | 136.8 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 89।२०८१।०3।06 | आर सि सि ढलान कार्य साविक वडा नं.७ कर्मीटोल सामुदायिक भवन जाने बाटोमा उ.स.गो.न.पा. ७ | P.C.C. 1:2:4 Works | 65.88 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 91।२०८१।०3।06 | आर सि सि ढलान कार्य साविक वडा नं. ४ अधुरो ढलान देखि मगर टोल सम्म सडक गो न पा ०२ | P.C.C. 1:2:4 Works | 133.47 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 92।२०८१।०3।06 | आर सि सि ढलान कार्य साविक वडा नं. ३ सरिता राईको घर देखि भक्त ब. राईको घर सम्म उ.स.गो.न.पा.-०२ | P.C.C. 1:2:4 Works | 55.2 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 93।२०८१।०3।06 | कजबे २ वटा निर्माण चोरपाने गाउँ देखि दमार जाने | P.C.C. 1:2:4 Works | 42.73 | 10,399.78 | 11,626.75 | 1,226.97 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाटोमा उ.स.गो.न.पा.-३ | | | | | |
| 93।२०८१।०3।06 | नाला र ढकन निर्माण साविक वडा नं. २ उ स गोलबजार न.पा.-७ | P.C.C. 1:2:4 Works | 61.46 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 106।२०८१।०3।10 | थप आर सि सि ढलान कार्य | P.C.C. 1:2:4 Works | 77.92 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 107।२०८१।०3।10 | मजबुल खाँको घर देखी पुर्व जाने सडक सम्म गो.न.पा.-४ | P.C.C. 1:2:4 Works | 98.08 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 108।२०८१।०3।16 | अधुरो सामुदायिक भवन फिनिसिङ्ग गर्ने कार्य सैनिक चौक गो.न.पा.-६ | Brick Masonary Wall(1:4) | 28.1 | 12,903.66 | 14,408.16 | 1,504.50 |
| 110।२०८१।०3।16 | आर सि सि ढलान कार्य साविक वडा नं. १ हाइवे देखी महजिद सम्म उ.स.गो.न.पा.-८ | P.C.C. 1:2:4 Works | 43.92 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 111।२०८१।०3।16 | आर सि सि ढलान कार्य वडा नं.१२ राम विनय रायको घर देखी प्रा.वि.स्कुल सम्म | P.C.C. 1:2:4 Works | 75.79 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 114।२०८१।०3।16 | नयाँ इनार निर्माण वडा नं. ७ र ८ देवी चौधरी र प्रेमलाल लामा र सुन बहादुर तामाङ्गको घर नजिक उ.स. | P.C.C. 1:2:4 Works | 32.6 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 115।२०८१।०3।17 | आर सि सि ढलान ज्ञान कुमार विश्वकर्माको घर देखि सरोज साहको घर सम्म गो.न.पा.-०२ | P.C.C. 1:2:4 Works | 122.09 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 116।२०८१।०3।17 | आर सि सि ढलान मेन रोड हुदै वलवा टोल जाने सडक सम्म कार्य उ.स.गो.न.पा.-०२ | P.C.C. 1:2:4 Works | 121.18 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 1२२।२०८१।०3।17 | आर सि सि ढलान कार्य बल्कवा बजारमा कार्य उ.स | P.C.C. 1:2:4 Works | 114.19 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 1२3।२०८१।०3।17 | गुरुधामको मगर टोलमा आर सि सि ढलान कार्य उ स | P.C.C. 1:2:4 Works | 134.51 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| 1२5।२०८१।०3।18 | आर सि सि ढलान कार्य सुकुमारको घर देखी गिताको घर सम्म कार्य उ.स.गो.न.पा.-७ | P.C.C. 1:2:4 Works | 50.79 | 10,399.78 | 11,626.75 | 1,226.97 |
| | | | जम्मा | | | |


https://nams.oag.gov.np